नेपाल सरकारलाई

# यूपिआर, सिड र सर्डबाट प्राप्त सिफारिस र कार्यान्वयनका सवालमा दलित महिलाका दृष्टिकोणबाट गरिएको अध्ययन




अध्ययन-प्रतिवेदन

FEDO
दलित महिला संघ (फेडो)
कुपण्डोल, ललितपुर

## नेपाल सरकारलाई यूपिआर, सिड र सर्डबाट प्राप्त सिफारिस र कार्यान्वयनका सवालमा दलित महिलाका दृष्टिकोणबाट गरिएको अध्ययन


| | |
|---|---|
| **प्रकाशन** | : दलित महिला संघ (फेडो) |
| **प्रकाशन मिति** | : २०७८ |
| **सर्वाधिकार** | : दलित महिला संघ (फेडो) |
| **प्रकाशन सहयोग** | : Dan Church Aid |
| **अध्ययन/लेखन/सम्पादन** | : रुप सुनार |
| **मुद्रण** | : जीजी प्रिन्ट एण्ड अफिस सपोर्ट |
| | नागार्जुन,काठमाडौं, फोनः ९८६९१८४७२४ |



यस संस्थाको पूर्व स्वीकृतीबिना यस पुस्तकलाई वा यसको कुनै अंशलाई बौद्धिक तथा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम् मुद्रण गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिन्छ।

# भूमिका

राष्ट्रिय मानव अधिकार ऐन, २०६८ ले कुनै पनि व्यक्तिले स्वतन्त्रता, समानता र मर्यादापूर्वक जीवन बाँच्न पाउने अधिकारलाई मानवअधिकारको रूपमा परिभाषित गरेको छ। नेपालले संविधान र कानुन निर्माण गर्दा नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धी, सम्झौताअनुरूप हुनुपर्ने व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय मानवअधिकारको प्रावधानअनुरूप कानुनी व्यवस्था गर्ने र ती अधिकारको पालना र संरक्षण गर्ने/गराउने मुख्य दायित्व राज्यको हो। नेपालले जातीय र लैङ्गिक विभेदको अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धी तथा अनुबन्धमा हस्ताक्षर गरी पक्ष राष्ट्र भएका कारण नेपाले निर्माण गरेका कानुन र कार्यान्वयनका सवालबारे मूलतः संयुक्त राष्ट्रसंघलाई प्रतिवेदन पेश गर्नुपर्छ। यस्ता प्रतिवेदनमाथि छलफल गरी अन्तराष्ट्रिय समुदायले विभिन्न सिफारिस गरेका हुन्छन्। ती सिफारिसमध्ये दलित महिलासँग सम्बन्धित सिफारिसका सवालमा व्यापक जनचासो बढाउने र सरकारलाइ जवाफदेही बनाउने उद्देश्यले दलित महिला संघले **नेपाल सरकारलाई यूपिआर, सिड र सर्डबाट प्राप्त सिफारिस र कार्यान्वयका सवालमा दलित महिलाका दृष्टिकोणबाट गरिएको अध्ययन** सम्पन्न गरेको छ। यो अध्ययनबाट प्राप्त नतिजा र निष्कर्षका आधारमा गरिने वकालतले दलित महिलाको अधिकार स्थापित गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। नेपालमा दलित समुदायले लामो समयदेखि जातीय विभेद र हिंसा भोगिरहेका छन्। ती विभेद अन्त्य गर्नका लागि नेपालको संविधानमा दलित समुदायका हकबारे केही व्यवस्था गरिएका छन्। यसका साथै जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ पनि लागु गरेको छ। यसका बाबजुद पनि दलित समुदायमाथि हुने विभेद र हिंसामा भने कमी हुन सकेको छैन। राज्यले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनमा गरेको प्रतिबद्धतालाइ पूर्णरूपमा कार्यान्वयन गर्न सकेको छैन। राज्यले जातीय विभेद/छुवाछूतलाई राष्ट्रिय समस्याको रूपमा स्वीकार गर्न सकिरहेको छैन।

दलित महिला वर्गीय र लैंगिकरूपमा मात्र उत्पीडनमा परेका छैनन्, भाषिक-सांस्कृतिक, क्षेत्रीय तथा अन्य प्रकारका उत्पीडनमा पनि परेका छन् । त्यसैले मधेस र कर्णालीका दलित महिलाका समस्या र सरोकार आम दलित महिलाभन्दा फरक छन् । त्यसैले दलित महिलाका सवाल र सरोकार अन्य महिलाका भन्दा फरक र गम्भीर छन् र ती सवाललाई सोही आलोकमा हेरिनुपर्छ ।

दलित महिलासँग प्रत्यक्ष सरोकार राख्ने मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्रका बारेमा सरोकारवालालाई पर्याप्त मात्रामा जानकारी छैन । यी सवालमा प्रदेश र स्थानीय तहमा पनि आवश्यक बहस हुन् सकेको छैन भने अन्तर्राष्ट्रिय संयन्त्रबाट प्राप्त सिफारिसको कार्यान्वयनको अवस्थाबारे पनि पर्याप्त मात्रामा अध्ययन/अनुसन्धान भएका छैनन् । यस अध्ययनमा तीनवटै संयन्त्र (यूपिआर, सिड र सर्ड) बाट प्राप्त सिफारिसमा दलित महिलाँग सम्बन्धित सिफारिसहरूको दस्ताबेजिकरण, विश्लेषण र कार्यान्वयनको अवस्थाका बारेमा अध्ययन गरिएको छ । त्यसैले दलित महिलाको दृष्टिकोणबाट विश्वव्यापी आवधिक समीक्षा, महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलनसम्बन्धी समिति (सिड) र सबै किसिमका जातिय भेदभाव उन्मुलन सम्बन्धी समिति (सर्ड)को परिचय र सिफारिसको विश्लेषण तथा तिनीहरूको कार्यान्वयनको अवस्थाबारे जानकारी दिने उद्देश्यले यो अध्ययन गरिएको हो ।

यसले एकातिर नीति निर्मातालाई दलित महिलाको हक-अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय आयामलाई बुझाउन सहयोग गर्नेछ भने अर्कोतिर दलित सवालमा काम गरिरहेका सामाजिक संघसंस्थालाई पनि दलित महिलाका हक अधिकारको पैरवी गर्न सन्दर्भ सामग्रीको काम गर्ने छ । साथै नेपालको राष्ट्रिय दलित आयोगलाई पनि अनुगमनको योजना तर्जुमा गर्न सहयोग गर्नेछ भन्ने अपेक्षा लिएका छौं ।

यो अध्ययने अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रबाट प्राप्त सिफारिस संविधान र उपलब्ध कानुनको कार्यान्वयनसँग सम्बन्धि छ । त्यसैले ती कानुनी व्यवस्थाको इमान्दारीपूर्वक कार्यान्वयनका लागि सम्बन्धित निकायलाई सचेत र जवाफदेही बनाउँछ । जातीय विभेद र हिंसासँग सम्बन्धित घटनामा बढ्दै गइरहेको छ भने अर्कोतिर

दण्डहीनताको अन्त्य हुन सकेको छैन। यसका साथै राष्ट्रिय दलित आयोगजस्ता संवैधानिक आयोगले पनि सक्रियरूपमा अनुगमन र मुल्यांकनलाई प्राथमिकतामा राखेर काम गर्न सकेको छैन।

दलित महिलाको सरोकारबारे यस्तो महत्वपूर्ण विषयमा अध्ययन गर्न आर्थिक सहयोग उपलब्ध गराउने डिएसए, नेपालप्रति आभार प्रकट गर्न चाहन्छौं। मानवअधिकार र विभिन्न संयन्त्रबाट प्रदान गरिएका सिफारिसबारे अध्ययन गरी प्रतिवेदन तयारी गर्नु भएकोमा अध्येता रूप सुनारप्रति आभार प्रकट गर्न चाहन्छौं। त्यसैगरी अध्ययनबाट प्राप्त नतिजा र निष्कर्ष सम्प्रेषण गर्न आयोजना गरिएको प्रदेशस्तरीय छलफलमा सहभागी भई आफ्ना अनुभव र अमूल्य सुझाब सल्लाह दिने सुदुरपश्चिम र लुम्बिनी प्रदेशका स्थानीय तहका दलित महिलालाई धन्यवाद दिन चाहन्छौं। साथै विभिन्न सरोकारवालाबीच निरन्तर अन्तरक्रिया गर्ने र यो अध्ययनमा सुरुदेखि प्रकाशन गर्ने काममा समेत महत्वपूर्ण सहयोग गर्ने दलित महिला संघ (फेडो)का कर्मचारी साथीहरूलाई विशेष धन्यवाद दिन चाहन्छौं।

रेणु सिजापति
महासचिव

कला स्वर्णकार
अध्यक्ष

# विषयसूची


१. परिचय ........................................................१
२. अध्ययनको उद्देश्य ............................................... ३
३. प्रतिवेदन तयारी विधि ............................................ ४
४. सयुंक्त राष्ट्रसंघको मानवअधिकार संयन्त्र ........................... ५
४.१ विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) ........................... ९
४.१.१ परिचय ....................................................... ९
४.१.२ समिक्षा प्रक्रिया ................................................ ११
४.१.३ सिफारिसको विश्लेषण ........................................... १२
४.१.४ कार्यान्वयनको अवस्था............................................१५
४.१.५ सुधारका लागि सिफारिस.......................................... २१
४.२ महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन सम्बन्धी समिती (सिड) २३
४.२.१ परिचय .......................................................२३
४.२.२ समिक्षा प्रक्रिया ...............................................२६
४.२.३ सिफारिसको विश्लेषण ...........................................२७
४.२.४ कार्यान्वयनको अवस्था ..........................................३०
४.२.५ सुधारका लागि सिफारिस..........................................३३
४.३ सबै किसिमका जातिय भेदभाव उन्मुलन सम्बन्धी समिती (सर्ड)... ३५
४.३.१ परिचय ...................................................... ३५
४.३.२ समिक्षा प्रक्रिया ...............................................३६
४.३.३ सिफारिसको विश्लेषण ...........................................३८
४.३.४ कार्यान्वयनको अवस्था.......................................... ४०
४.३.५ सुधारका लागि सिफारिस......................................... ४३
५. तुलनात्मक अध्ययन ............................................ ४६
६. निष्कर्ष ..................................................... ४८

# १

# परिचय

नेपालमा दलित समुदाय लामो समयदेखि संरचनात्मक विभेदमा पारिँदै आएका छन्। राजनीतिक बहिस्करणका साथै न्यायमा पहुँचविहिनताको अवस्थामा छन्। सामान्य तथ्यांकलाई केलाउने हो भने दलित र गैरदलितबीच रहेको असमानता स्पष्ट रूपमा देख्न सकिन्छ। यस्तो विभेद सदियौदेखि सामाजिक र कानुनी रूपमा संरक्षित हुँदै आइरहेको छ। यसमा पनि दलित महिला जातिय र लैंगिक विभेद भोगिरहेका छन्। उनीहरू घरेलु हिंसाका साथै लैंगिक हिंसाको पनि शिकार भइरहेका छन्।

लामो समयको संघर्षपछि दलित समुदायले केही मात्रामा संवैधानिक र कानुनी अधिकार प्राप्त गरेका छन्। नेपालको संविधानले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र लगायतका नेपाल पक्ष राष्ट्र भएका मानवअधिकार सम्बन्धी महासन्धी र मानवअधिकारका अन्य विश्वव्यापी मूल्य र मान्यतालाई मौलिक हकको रूपमा स्वीकारेको छ। नेपालको संविधान, २०७२ ले जातिय विभेदलाई सामाजिक अपराध करार गरेको छ। संविधानको धारा २४ मा छुवाछूत तथा भेदभावविरूद्धको हकलाई समावेश गरेको छ भने धारा ४० मा दलितका हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ। यसैगरी जातिय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसुर र सजाय) ऐन, २०६८ ले सार्वजनिक र निजी कुनै पनि स्थानमा जातिय भेदभाव तथा छुवाछूत गर्न नपाइने र त्यस्तो कार्य गरेमा दण्ड र जरिबाना गर्ने कुरा समावेश गरेको छ।

त्यसैगरी नेपाल विभिन्न अन्तर्राष्ट्रिय कानुन र महासन्धीको पक्ष राष्ट्र भएकोले सबैलाई बिना भेदभाव, समानरूपमा, कानुनको समान संरक्षण पाउने लगायतका व्यवस्थालाई

स्वीकार गरेको छ। नेपाल ७ वटा मुख्य अन्तर्राष्ट्रिय मानवाधिकार महासन्धीका साथै अन्य थुप्रै प्रावधानलाई पनि स्वीकारेको छ। यसै सन्दर्भमा सन् २०२१ जनवरीमा नेपालको तेस्रो विश्वव्यापी अद्यावधिक समिक्षा सम्पन्न भएको छ र नेपालले सदस्य राष्ट्रहरूबाट मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि सुझाब प्राप्त गरेको छ। त्यसैगरी सयुंक्त राष्ट्रसंघको महिलाविरूद्ध हुने सबै खाले विभेदहरूको उन्मुलन सम्बन्धी समितिको २०१८ मा सम्पन्न भएको छैठौं अद्यावधिक समिक्षाले पनि दलित महिलाविरूद्ध हुने सबै प्रकारका विभेद र हिंसाविरूद्ध बोलेको छ। यसका साथै सबै किसिममा जातिय भेदभाव उन्मुलन सम्बन्धी समितिले पनि निरन्तर रूपमा दलित महिलामाथि हुने सबै प्रकारका विभेद र हिंसाविरूद्ध आवाज उठाएको छ र राज्यलाई जवाफदेही हुन् सचेत बनाएको छ।

नेपालका दलित समुदाय र विशेषगरी दलित महिला, जातिय हिंसा र विभेदको शिकार भइरहेका छन् । त्यसैले यो अध्ययन मूलतः युपीआर, सिड र सर्डबाट प्राप्त सुझाबको दलित महिलाका दृष्टिकोणबाट अध्ययन गर्ने र तिनीहरूको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने कुरामा केन्द्रित छ। साथै यसको आधारमा आवश्यक रणनीती बनाइ राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा दलित महिलाको मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गर्न यो अध्ययन प्रयोग हुनेछ।

२

# अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सयुंक्त राष्ट्रसंघका मानवअधिकार सम्बन्धी संयन्त्र (युपीआर, सिड र सर्ड) बाट प्राप्त सुझाबलाई दलित महिलाका दृष्टिकोणबाट विश्लेषण गरी त्यसको कार्यान्वयनको अवस्थालाई मध्यनजर गरी सो को आधारमा दलित महिलाको मानवअधिकार प्रवर्द्धनका लागि आवश्यक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा हुने पैरवीका लागि रणनीतिक सुझाब पेश गर्नु हो। अध्ययनका विशिष्ट उद्देश्य यस प्रकार छन्ः

१ यूपिआर, सर्ड र सिडमा प्राप्त सुझाबको दलित महिलाको दृष्टिकोणबाट विश्लेषण गर्नु।

२ प्राप्त सिफारिसको कार्यान्वयनको अवस्थाबारे अध्ययन गर्नु।

३ राज्यलाई जवाफदेही बनाउन आवश्यक रणनीतिक सुझाब प्रदान गर्नु।

# प्रतिवेदन तयारी विधि

# 3

यस अध्ययनको लागि देहाय बमोजिमको विधि प्रयोग गरिएको छ;

### ३.१ साहित्य समिक्षाः

यस अध्ययनको प्रयोजनको लागि सयुंक्त राष्ट्रसंघसँग सम्बन्धित मानवअधिकार संयन्त्रको अध्ययन गरिएको छ। यसका साथै ती संयन्त्रमा सरकारी तथा गैर-सरकारी क्षेत्रबाट बुझाइएका प्रतिवेदन तथा सयुंक्त राष्ट्रसंघले तयार पारेका निष्कर्ष सहीतका ठम्याई (Concluding observations) को पनि अध्ययन गरिएको छ । त्यसरी प्राप्त सुझाबको कार्यान्वयनको अवस्था बुझ्न सरकारले बुझाएका प्रतिवेदनको पनि अध्ययन गरिएको छ। ती सिफारिसहरू तिनै तहका सरकारका नीति, कार्यक्रम र बजेटमा कसरी प्रतिबिम्बित भएका छन् भनेर हेर्ने प्रयास पनि गरिएको छ।

### ३.२ समूहगत छलफलः

यस अध्ययन प्रयोजनका लागि सरोकारवालाका बुझाई र विचार संकलनका लागि दुईवटा (लुम्बिनी प्रदेशको बुटवलमा र सुदूरपश्चिम प्रदेशको धनगढीमा) समूहगत छलफल गरिएका छन्। एक, सरकारका काम/कारबाहीलाई आलोचनात्मक दृष्टिले हेर्ने भएकोले युपीआर, सर्ड र सिडको प्रतिवेदन/छायाँ प्रतिवेदन बुझाउने, तिनीहरूको छलफलमा सहभागी भएका र अनुगमन तथा मूल्यांकनमा पनि सहभागी भएका गैर-सरकारी क्षेत्रका प्रतिनिधिसँग छलफल गरिएको थियो। दुई, यी विषयलाई प्राविधिक रूपमा बुझ्ने कानुन व्यवसायी, सांसद, पत्रकार तथा गैरदलित संघ संस्थाका प्रतिनिधिसँग कुरा गरिएको थियो।

### ३.३ अन्तरवार्ता :

यस अध्ययनलाई थप प्रभावकारी र उद्देश्यमुलक बनाउन यी विषयमा दक्षता भएका ५ जना व्यक्तिसँग भेटेर अन्तरर्वार्ता गरिएको थियो। क्षेत्रगत अधारमा भन्दा न्यायालय, संसदीय समिति, प्रहरी तथा अन्य सरकारी निकायका प्रतिनिधिसँग कुरा गरिएको थियो।

# सयुंक्त राष्ट्रसंघको मानवअधिकार संयन्त्र

# ४

संयुक्त राष्ट्रसङ्घले जारी गरेको प्रमुख नौओटा महासन्धीमध्ये नेपालले सातओटा महासन्धीमा हस्ताक्षर गरेको छ भने ३९ ओटा मानव अधिकारसम्बन्धीको पक्षराष्ट्र हो। सयुंक्त राष्ट्रसंघका मानवअधिकार सम्बन्धी अंगहरू चार्टर र सन्धीगरी दुई किसिमका हुन्छन्। चार्टर अन्तर्गत मानवअधिकार परिषद् (Human Rights Council), विश्वव्यापी आवधिक समिक्षा (Universal Periodic Review) र विशेष संयन्त्र (Special procedures) पर्दछन्। यसैगरी सन्धी अन्तर्गत १० वटा मानवअधिकार संयन्त्र छन्। तिनीहरू यस प्रकार छन्ः १) मानव अधिकार समिति २) आर्थिक, राजनीतिक तथा सामाजिक अधिकार समिति ३) जातीय विभेद उन्मुलन समिति ४) महिलाहरू विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन समिति ५) यातनाविरूद्धको समिती ६) यातना रोकथामको उपसमिति ७) बालबालिकाको हक सम्बन्धी समिति ८) आप्रवासीको हक सम्बन्धी समिति, र ९)अपाङ्गता भएका मानिसको हक सम्बन्धि समिति १०) जबरजस्ती बेपत्ता पारिएका व्यक्तिको हक सम्बन्धि समिति।

साधारण मानवअधिकार संयन्त्रहरू अल्प संख्यकलगायत सबैका लागि समान रूपमा लागू हुन्छन्। तर सन्धीमा आधारित संयन्त्रहरूमा अल्पसंख्यक तथा सिमान्तकृत समुदायको मानवअधिकार संरक्षणका लागि महत्वपूर्ण मानकसमेत राखिएका छन्। उदाहरणका लागि सयुंक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धी (ICCPR) को धारा २७ मा उल्लेख छ - जातिय, धार्मिक र भाषिक अल्पसंख्यक भएका देशहरूमा भएका अल्पसंख्यकलाई आफ्नै संस्कृति, आफ्नै धर्म मान्न र भाषा बोल्न कुनै बन्देज लगाउन पाइनेछैन।

सयुंक्त राष्ट्र संघ अन्तर्गत मानव अधिकार सम्बन्धी धेरै संयन्त्र छन्, तीमध्ये महासन्धी महत्वपूर्ण मानिन्छन् । यी महासन्धी अन्तर्गत विभिन्न समितिहरू गठन भएका हुन्छन्, जसमा स्वतन्त्र विज्ञहरूको समूह हुन्छ। यस्ता समितिको मुख्य काम पक्ष राष्ट्रहरूले राष्ट्रसंघको महासन्धी अन्तर्गतका प्रावधान लागू गरे नगरेको अनुगमन र मुल्यांकन गर्नु हो । यो काम पक्ष राष्ट्रको सरकारले बुझाएका अद्यावधिक प्रतिवेदनमा आधारित हुन्छ, कतिपय महासन्धी अन्तर्गतका समितिहरूले व्यक्तिगत/संस्थागत तबरबाट पठाइएका उजुरीलाई पनि मान्यता दिएका हुन्छन्। साथै कतिपय समितिलाई त मानवअधिकार हननको थप जाँच गर्ने अधिकार पनि हुन्छ।

सयुंक्त राष्ट्रसंघका ९[१] वटा महत्वपूर्ण अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धीहरूले मानवअधिकारको सम्बर्द्धन र प्रवर्द्धन गर्न पक्ष राष्ट्रलाई कानुनी दायित्व सिर्जना गर्दछन् । अतः सयुंक्त राष्ट्रसंघको महासन्धी अन्तर्गत गठित समितिले कुनै पनि देशमा मानवअधिकारको अवस्था सुधारका लागि अहम भूमिका निर्वाह गर्छन्। सबै मानवअधिकार सन्धी/महासन्धी निकायको अधिकार क्षेत्र भनेको सम्बन्धित सन्धीको पालना भए नभएको कुराको अनुगमन गर्नु हो।

---

[१] *मानव अधिकार समिति*
[२] *आर्थिक, राजनीतिक तथा सामाजिक अधिकार समिति*
[३] *जातीय विभेद उन्मुलन समिति*
[४] *महिलाको बिरूद्ध हुने सबै विभेद उन्मुलन समिति*
[५] *यातना बिरूद्धको समिति*
[६] *यातना रोकथामको उपसमिति*
[७] *बालबालिकाको हक समिति*
[८] *आप्रवासीहरूको हक सम्बन्धी समिति*
[९] *अपांगता भएका मानिसहरूको हक सम्बन्धी समिति*

## मानव अधिकार सम्बन्धि मुख्य सन्धीहरू




कतिपय सन्धीका लागि वैकल्पिक प्रोटोकलको व्यवस्था गरिएको हुन्छ, जसलाई पक्ष राष्ट्रहरूले अनुमोदन गर्न सक्छन्। वैकल्पिक प्रोटोकलले पक्ष राष्ट्रलाई थप आधारभूत अधिकार प्रदान गर्दछ वा मुल्यांकनका लागि थप विधि/प्रक्रिया प्रदान गर्न सक्छ। अन्तर्राष्ट्रिय मानवअधिकार महासन्धीका लागि यस्ता सातवटा वैकल्पिक प्रोटोकलको व्यवस्था गरिएको छ।

महासन्धीको कार्यान्वयनको लागि बनेका समितिमा १० देखि २५जनासम्म मानवअधिकारको क्षेत्रमा दखखल भएका स्वतन्त्र विज्ञहरू हुन्छन्। उनीहरूलाई पक्ष राष्ट्रले ४ वर्षको निश्चित अवधिका लागि मनोनित र निर्वाचित गर्ने काम गर्दछन्। पक्ष राष्ट्रले मनोनित गरे पनि उनीहरू देशको प्रतिनिधित्व गरिरहेका हुँदैनन, स्वतन्त्र विज्ञका रूपमा काम गर्दछन्। उनीहरूको पदावधि आवश्यकता अनुसार बढीमा २ वर्षका लागि नवीकरण पनि हुनसक्छ।

यी सबै महासन्धीहरूको संचालन सयुंक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय अन्तर्गत रहेको मानवअधिकार महासन्धी शाखाले गर्दछ। यसले विभिन्न पक्ष राष्ट्रले पठाएका प्रतिवेदन बुझ्ने, समितिसँग संचार गर्ने, प्रतिवेदन तयार गर्ने, अनुसन्धान गर्ने, प्राविधिक सहयोग प्रदान गर्ने, पक्ष राष्ट्रलाई आवश्यक

मार्गनिर्देशन र सल्लाह दिने, समितिका लागि आवश्यक छलफल र अन्य कामहरू गर्ने काम गर्दछन् ।

सबै समितिका बैठक स्विट्जरल्याण्डको जेनेभा वा अमेरिकाको न्यूयोर्कमा हुन्छन् । मानवअधिकार उच्च आयुक्तको कार्यालयले त्यसका लागि आवश्यक बैठक कक्ष, कागजात तथा आवश्यक प्रविधिको व्यवस्थापन गरी सहयोग गर्ने काम गर्दछ । यसले विज्ञ, सरकारी प्रतिनिधि तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिको संलग्नतालाई सहज र प्रभावकारी बनाउन सहयोग पुग्छ ।

**यिनीहरूले कसरी काम गर्छन् ?**




प्रत्येक पक्ष राष्ट्रले सन्धी/महासन्धीमा उल्लेख भएका आधारभूत प्रावधानलाई कार्यान्वयन गर्नुपर्ने दायित्व हुन्छ । साथै त्यसको कार्यान्वयन कसरी भइरहेको छ भनेर नियमित रूपमा प्रतिवेदन पनि बुझाउनुपर्छ । यस्तो प्रतिवेदनमा कानुनी, प्रशासनिक,

न्यायिक र अन्य के कस्ता प्रयत्नहरू भएका छन् भन्ने उल्लेख गर्नुपर्छ। यसरी बुझाइएका प्रतिवेदनहरूलाई पक्ष राष्ट्रको उपस्थितिमा सम्बन्धित सन्धी/महासन्धीको समितिले प्रतिवेदन उपर छलफल गर्दछ। समितिले सयुंक्त राष्ट्रसंघका निकायहरू, राष्ट्रिय मानवअधिकार संस्था, गैर सरकारी संस्था तथा प्राज्ञिक संस्थारूले पठाएका प्रतिवेदनको पनि अध्ययन गर्दछ। यी प्रतिवेदन पक्ष राष्ट्रका लागि अन्तर्राष्ट्रिय दायित्व पुरा गर्नका लागि मात्र होइन कि आफ्नो मानवअधिकारको अवस्थाको वास्तविक समिक्षा गर्ने अवसरको रूपमा लिएका हुन्छन्।

यो प्रक्रियामा समितिहरूले प्रतिवेदनको अपनत्व ग्रहण गर्दछ, जसलाई सयुंक्त राष्ट्रसंघको भाषामा समापन अवलोकन (Concluding observations) भनिन्छ। यस प्रतिवेदनमा पक्ष राष्ट्रले समितिका सिफारिस लागू भएका सकारात्मक पक्ष उल्लेख गर्नुका साथै थप काम गर्नुपर्ने क्षेत्रहरू पनि उल्लेख भएका हुन्छन्। यस प्रयोजनका लागि पक्ष राष्ट्रले बुझाएका प्रतिवेदन अध्ययन गर्नुका अलावा समितिले कार्यान्वयन पक्षलाई थप मजबुद बनाउन व्यक्तिगत तवरबाट गरिएका उजुरी/गुनासोलाई पनि अध्ययन गर्छन्।

यी छलफलहरूले पक्ष राष्ट्रलाई एउटा यस्तो अवसर प्रदान गर्दछन् जहाँ उनीहरूलाई मुद्धाहरू पहिल्याउन, समाधान खोज्न, उत्तम अभ्यासहरू जान्न र त्यसको कार्यान्वयन गर्न सक्षम बनाउछ। कतिपय समितिहरूले त अहिले आफ्ना छलफलहरूलाई अनलाइन मार्फत प्रत्यक्ष प्रशारण पनि गरिरहेका हुन्छन।

## ४.१. विश्वव्यापी आवधिक समिक्षा (Universal Periodic Review)

### ४.१.१ परिचय

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको मानव अधिकार सम्बन्धी प्रगति र अवस्थालाई नियमित रूपमा समीक्षा गर्न बनाइएको एउटा महत्वपूर्ण संयन्त्र हो। यो सयुंक्त राष्ट्रसंघको साधारण सभाको

६०/२५१ संकल्पद्वारा सुरू भएको चार्टरमा आधारित मानवअधिकार संयन्त्र हो र २००८ देखि कार्यान्वयनमा आएको हो। यस संयन्त्रले हरेक साढे चार वर्षको अवधिमा सयुंक्त राष्ट्र संघका सबै सदस्य राष्ट्रहरूको मानवअधिकार सम्बन्धी दायित्व र प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्थालाई नियमित र चक्रीय रूपमा समीक्षा गर्ने गर्दछ।

यूपीआरको मुख्य उद्देश्य सयुंक्त राष्ट्रसंघमा आबद्ध १९२ ओटै सदस्य राष्ट्रको आवधिक रूपमा मानवअधिकारको समीक्षा गर्नु हो। यसले सबै सदस्य राष्ट्रले गरेका प्रतिबद्धता र दायित्वको सयुंक्त राष्ट्र संघका चार्टर, विश्वव्यापी घोषणापत्र, पक्ष राष्ट्रले अनुमोदन गरेका सन्धी/महासन्धी र अन्य स्वैच्छिक प्रतिबद्धताका आधारमा समिक्षा गर्दछ। यहि समिक्षालाई आधार मानेर युपीआरले सदस्य राष्ट्रलाई सिफारिसका माध्यमद्वारा मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सहयोग प्रदान गर्दछ। यूपीआर दिगो विकास लक्ष्य जस्तै मानव अधिकार र विकासका लागि विश्वव्यापी साधन हो र सबैलाई समान रूपमा लागु हुन्छ। यो सयुंक्त राष्ट्र संघको एउटा मात्र यस्तो मानव अधिकार संयन्त्र हो जसमा सबै सदस्य राष्ट्रको शत प्रतिशत सहभागिता रहँदै आएको छ।

यूपीआरमा प्रत्येक देशको हरेक ४.५ बर्षमा मानवअधिकारको अवस्थाको समिक्षा हुन्छ। सबै देशहरू सक्रिय रूपमा समकक्षी देशहरूको मानव अधिकारको अवस्थाका बारेमा समिक्षा गर्छन र थप सुधारका लागि आवश्यक सिफारिसहरू पनि प्रदान गर्दछन। वर्षमा तीन पटक गरेर ४२ देशको समिक्षा हुन्छ। प्रत्येक देशको मानव अधिकारको समिक्षा गर्न करिब ३.५ घण्टाको समय उपलब्ध हुन्छ। युपीआरको पहिलो चक्र (२००८-२०११), दोस्रो चक्र (२०१२-२०१६) मा सम्पन्न भएको थियो भने तेस्रो चक्र २०१७ मा शुरु भै २०२२ मा सकिदैछ। नेपालको पहिलो आवधिक समिक्षा २०११, दोस्रो २०१५ र तेस्रो २०२१ मा सम्पन्न भएको हो।

समिक्षा मूलतः सम्बन्धित पक्ष राष्ट्र, परिषद्का सदस्य/परिवेक्षक राष्ट्रबीचको अन्तरक्रियात्मक तरिकाबाट हुन्छ। यसले पनि मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धीहरूको उद्देश्यलाई नै परिपूर्ति गर्दछ। विश्वव्यापी आवधिक समिक्षाका मुख्य

तीनवटा चरण हुन्छन्। पहिलो, प्रतिवेदनको तयारी। दोस्रो, मानवअधिकारको अवस्थाको समिक्षा। तेस्रो, अनुगमन। युपिआरको सबै भन्दा सुन्दर पक्ष भनेको यी तिनै चरणमा सामाजिक संघ/संस्थाले पनि सक्रिय सहभागीता जनाउन सक्दछन्। विश्वव्यापी आवधिक समिक्षा, यसको प्रक्रिया र नेपाल सरकारले प्राप्त गरेका सुझावहरू र तिनीहरूको कार्यान्वयन विशेषतः दलित महिलासँग सम्बन्धित सुझावहरूको यसमा चर्चा गरिएको छ।

### ४.१.२ यूपिआर अन्तर्गत मानवअधिकारको समिक्षा प्रक्रिया

हरेक सदस्य राष्ट्रको प्रत्येक ४.५ वर्षमा मानवअधिकार अवस्थाबारे समिक्षा हुन्छ। ती समीक्षा तीनओटा मुख्य प्रतिवेदनमा आधारित हुन्छ। एक, सरोकारवालासँग व्यापक परामर्श गरी सम्बन्धित राज्यले तयार पारेको राष्ट्रिय प्रतिवेदन। दुई, सन्धीसँग सम्बन्धित समिति र मानवअधिकार परिषद्को विशेष संयन्त्रको प्रतिवेदन। उक्त प्रतिवेदनमा सम्बन्धित देशको सुझाब र टिप्पणीका साथै र संयुक्त राष्ट्र सङ्घका अन्य औपचारिक दस्तावेजमा समेटिएका विषयका आधारमा संयुक्त राष्ट्रसंघ मानअधिकारको उच्च आयोग (ओएचसीआर) ले तयार परेको सारांश प्रतिवेदन। तीन, अन्य सरोकारवाला निकाय गैरसरकारी संस्था, राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, मानव अधिकार रक्षक, प्राज्ञिक संस्थान, अनुसन्धान केन्द्र, क्षेत्रीय संस्था, नागरिक समाजका प्रतिनिधि आदिले पठाएका प्रतिवेदनको सारांश।

यो समिक्षा यूपीआरको कार्य समूहमा अन्तरक्रियात्मक छलफलका मध्यमबाट सम्पन्न हुन्छ, जसमा मानवअधिकार परिषद्का ४७ राष्ट्रहरू सहभागी हुन्छन्। यो छलफललाई व्यवस्थित गर्न परिषद्ले सदस्य राष्ट्रबाट तीनवटा देश सम्मिलित रिपोर्टकर्ताको चयन गर्छ, जसलाई ट्रोइका भनिन्छ। यही कार्य समूहले अन्तिम डकुमेन्टलाई ग्रहण गर्छ। युपीआरमा नेपालको मानवअधिकारको अवस्थाको समिक्षा पहिलो पटक २०११ मा, दोस्रो पटक २०१५ र तेस्रो पटक २०२१ मा सम्पन्न भएको थियो।




### ४.१.३ सिफारिसको विश्लेषण

नेपालको तेस्रो विश्वव्यापी समिक्षा २१ जनवरी २०२१ मा सम्पन्न भएको थियो। समग्रमा नेपालले २३३ वटा सुझाबहरू प्राप्त गरेको थियो। यसमध्ये नेपाल सरकारले १९६ वटा सुझाबलाई स्वीकार गरेको छ भने ३७ वटा सुझाबहरूलाई "नोट" गरेको छ। समग्रमा १५ वटा सिफारिस दलित सवालमा केन्द्रित छन् भने ३० भन्दा बढी सुझाब दलितसँग पनि सरोकार राख्ने किसिमका छन्। तेस्रो विश्वव्यापी आवधिक समिक्षाका क्रममा दलित महिलाका सवालमा केन्द्रित सुझाब पनि आएका छन्। सन् २०२१ को जुलाई महिनाको ८-९ मा बसेको मानवअधिकार परिषद्को बैठकले कार्य समूहको प्रतिवेदनलाई पारित गरेको हो। दलित केन्द्रित १५ वटा सिफारसिहरू यस प्रकार छन्ः

- जात वा नश्लमा आधारित भेदभाव र उचनीच जन्य कुराको अन्त्यको लागि जनचेतना अभियानहरू संचालन गर्ने र शैक्षिक पाठ्यक्रमहरूले यस्ता उचनीच जनाउने कुराहरूलाइ प्रबर्धन गर्दैन भन्ने कुराको सुनिश्चित गर्ने। (बहमास)
- जातमा आधारित भेदभाव र हिंसाका घटनामा प्रभावकारी अनुसन्धान गर र मुद्धा चलाउ। (क्रोसिया)
- जातमा आधारित सबै अभ्यासहरूको अन्त्यको लागि देशमा उपलब्ध सबै नीतिगत व्यवस्थाहरू र सम्बन्धित मानव अधिकार संयन्त्रहरूको प्रभावकारी प्रयोग गर। (एल साल्वाडोर)
- जातिय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐनको कार्यान्वयनको लागि

प्रभावकारी संयन्त्र विकास गर। (जर्मनी)

- जातमा आधारित विभेद र बिभाजन बिरुद्ध लड्न निरन्तर प्रयास जारी राख। (इटाली)
- जात र लिङ्गका आधारमा हुने विभेद बिरुद्ध लड्न निरन्तर प्रयास जारी राख। (लेबनान)
- जातका आधारमा हुने सबै प्रकारका विभेदको अन्त्य गर्न वा जातीय विभेद तथा छुवाछुत (कसुर र सजाय ऐन) पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयनका लागि भएका प्रयासहरूलाई थप बलियो बनाउन। (दक्षिण कोरिया)
- जातमा आधारित उचनीचको अन्त्यका लागि सार्बजनिक चेतना जगाउने अभियानहरू संचालन गर्ने। (प्यालेस्टिन)
- नश्लमा आधारित विचार र जातमा आधारित उचनीचपनको अन्त्यका लागि सार्बजनिक जनचेतना अभियानहरूलाई तिब्रता दिने। (सुडान)
- दलित लगायत अन्य सिमान्तकृत समुदायका बालबालिकाको पूर्ण समाबेशी र सिकाई नतिजा सुधार्नका लागि आवश्यक सबै बिधि अपनाउ। साथै शिक्षाका सबै तहमा अपांगता भएका बालबालिका तथा शिक्षाका सबै क्षेत्रमा महिलाको प्रतिनिधित्व सुनिश्चित गर्ने। (फिनल्याण्ड)
- लैंगिक हिंसा र जातीय विभेद अन्त्यका लागि यथासम्भव प्रयास गर्ने र बलात्कार सम्बन्धि राष्ट्रिय कानुनलाइ अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल बनाएर पिडितको न्यायमा पहुँच बढाउने। (अस्ट्रेलिया)
- विभाजित गर्ने र आदिवासी जनजाति तथा दलित लगायत तिब्बती अल्पसंख्यक बिरुद्धको लडाईलाइ थप मजबुत बनाउन काम गर। आदिबासी तथा जातीय अल्प संख्यकको संरक्षण गर्न प्रहरीद्वारा गरिने व्यापक बल प्रयोग, हिरासतमा दिईने यातना र पीडकलाइ कारबाही हुनु पर्ने लगायतका सवालमा संरक्षण गर्न आवश्यक प्रबन्ध मिलाउने। (चेक रिपब्लिक)
- विभेदका बिरुद्ध (बिशेष गरि नश्ल र जातका आधारमा) हुने सबै प्रकारका विभेदका बिरुद्ध लडाई जारि राख्न आवश्यक पहलकदमी लिने। (अर्जेन्टिना)

विभिन्न किसिमका प्रत्यक्ष र अप्रत्यक्ष विभेद भोगिरहेका महिलाका हक/अधिकार सुनिश्चित गर्न विस्तृत भेदभावविरूद्ध कानुन निर्माण गर्न, दलित समुदायका बालिकाको

शिक्षामा पूर्ण सहभागिता सुनिश्चित गर्दै सिकाई नतिजा पनि सुधार गर्न र दलित महिलालाई शिक्षकको रूपमा अनिवार्य समावेश गर्नुपर्ने, सिमान्तकृत समुदायका महिलाको अधिकार संरक्षण गर्न र न्यायमा पहुँच बढाउन आवश्यक नीती अवलम्बन गर्ने, सिमान्तकृत समुदायका महिलाविरूद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्न थप प्रभावकारी काम गर्ने जस्ता सिफारिसहरू प्राप्त भएका छन् ।

सन् २०१५ मा भएको नेपालको दोस्रो आवधिक समिक्षामा दलित केन्द्रित ९ वटा सिफारिसहरू प्राप्त भएका थिए, जसमा राष्ट्रिय दलित आयोगलाई पर्याप्त बजेटको व्यवथा हुनु पर्ने, जातिय छुवाछूत तथा विभेदको उन्मुलन विरूद्ध ऐन बनाउने गुणस्तरीय शिक्षाको व्यवस्था गर्ने, रोजगारीका अवसर सिर्जना गर्नुपर्ने र भुमि ऐन लागू गर्न कार्य योजना बनाउने लगायतका सिफारिस थिए ।

दलित गैर-सरकारी संस्था महासंघ(डिएनएफ) ले तेस्रो आवधिक समिक्षामा बुझाएको प्रतिवेदनका अनुसार नेपालले २०१५ को चक्रमा प्राप्त गरेका सुझाबमध्ये ५६ प्रतिशत सुझाब कार्यान्वयन भएका छैनन् भने ४४ प्रतिशत सुझाब आंशिक रूपमा मात्रै कार्यान्वयन भएका छन् । तीनवटै चक्रका अधिकांश सिफारिस दोहोरिएका छन् । उदाहरणका लागि जर्मनीले सन् २०१५ र सन् २०२१ मा जातिय छुवाछूत तथा विभेदविरूद्ध (कसुर र सजाय) ऐन, २०६८ को कार्यान्वयनको लागि सुझाब दिएको थियो । फिनल्याण्डले सन् २०११, सन् २०१५ र सन् २०२१ मा दलितको शिक्षामा पहुँच अभिवृद्धि गर्न काम गर्न सुझाब दिएको थियो ।

दलितसँग सम्बन्धित सुझाबमध्ये सबैभन्दा बढी १५ वटा सुझाब कानुन कार्यान्वयनसँग सम्बन्धित छन् । यसले पनि दलितका सवालमा संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था भए पनि तिनीहरूको कार्यान्वयन नभएको सुझाबमा उल्लेख गरिएका छन् ।

मानवअधिकारको विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्रमा महिलाका सन्दर्भमा समग्रमा ७५ वटा सुझाब प्राप्त भएका थिए, तीमध्ये ५ वटा मात्र सुझाब दलित महिला केन्द्रित छन् । यसरी प्राप्त सुझाब न्यायमा पहुँच बढाउने, शिक्षा दिने, प्रजनन

अधिकार दिने, नयाँ कानुन निर्माण गर्ने र अन्य अधिकार दिने सवालमा केन्द्रित छन्। ती सिफारिसहरू यस प्रकार छन्:

- विभेदविरूद्ध बृहत कानुन अबलम्बन गर्ने जसले महिला विरूद्ध हुने सबै प्रकारका प्रत्यक्ष वा परोक्षरूपमा हुने सबै प्रकारका विभेद लाई परिभाषित गर्नुपर्छ।
- जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको २५औं वार्षिकोत्सवको अवसरमा केन्याको नैरोबीमा सम्पन्न भएको शिखर सम्मेलनमा व्यक्त भएका प्रतिबद्धतालाई लागू गर्नुपर्छ, जस मार्फत सिमान्तकृत समुदायले गुणस्तरीय परिवार योजनामा विश्वव्यापी पहुँच, किशोर/किशोरी मैत्री स्वास्थ्य सेवाको दायरा बिस्तार, पाठ्यक्रममा बृहत लैंगिक शिक्षालाई एकीकृत गर्ने युवाको क्षमता र आवश्यकतालाई समेत मध्यनजर गर्दै उनीहरूलाई आफ्नो प्रजनन अधिकार उपभोग गर्न सक्ने बनाउनु पर्छ।
- दलित समुदाय, कम प्रतिनिधित्व भएका जात/जाति, आदिवासी जनजाति, अपांगता भएका बालबालिकाको सबै तहको शिक्षामा पूर्ण समावेशी बनाउन र उनीहरूको परिणाममुखी सिकाई सुनिश्चित गर्न सबै आवश्यक उपायहरू अपनाउनुपर्छ। यी समुदाय विशेषगरी महिलाको शिक्षण संस्थामा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ।
- सिमान्तकृत समुदायका महिला तथा बालिकालाई न्याय प्रदान गर्न र त्यसको संरक्षण गर्न आवश्यक नीति अबलम्बन गर्नुपर्छ।
- महिला र बालिका विरूद्ध भइरहेका विविध प्रकारका विभेदको अन्त्य गर्न र महिला, बालबालिका सिमान्तकृत समुदायका व्यक्तिको अधिकार सुनिश्चित गर्ने प्रयत्न जारी राख्नुपर्छ।

### ४.१.४ सुझाब कार्यान्वयनको अवस्था

नेपालमा कानुनी र नीतिगत रूपमा महिला अधिकारको प्रवर्द्धनका पक्षमा सकारात्मक कार्यहरू भइरहेका छन् तर पनि अझै महिलामाथि हुने विभेद कायमै छ। राज्यले अवलम्बन गरेको समावेशीकरण नीतिले राज्यका निकायमा महिला सहभागिता बढ्दै जानु सकारात्मक भए पनि दलित महिला अझैं पनि अन्य वर्चस्वशाली समूहका महिलाभन्दा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा पछाडि पारिएका छन्।

यूपीआर अन्तर्गत नेपालको पहिलो चरणको समीक्षा सन् २०११ को २४ जनवरीदेखि ४ फेब्रुवरीमा सम्पन्न भएको थियो। पहिलो चरणको समीक्षामा नेपाललाई १ सय ३५ सिफारिस प्राप्त भएकोमा ९६ ओटा सिफारिस नेपाल सरकारले स्वीकार गरेको थियो। ती सुझावमध्ये २९ ओटा सिफारिस महिलाको हक अधिकारसँग सम्बन्धित थिए। त्यसैगरी, नेपालको दोस्रो चरणको समीक्षा सन् २०१५ को नोभेम्वरमा सम्पन्न भयो। दोस्रो चक्रमा नेपाललाई जम्मा १ सय ९५ ओटा सुझाव प्राप्त भएका थिए जसमध्ये ४६ सिफारिस महिलाको हक अधिकारसँग सम्बन्धित थिए।

तुलनात्मक रूपमा नेपाल सरकारले मानवअधिकारको क्षेत्रलाई पर्याप्त मात्रामा महत्व दिँदै आएको छ। मूलतः सरकारले नीतिगत व्यवस्थापनका क्षेत्रमा भएका केही प्रगतिलाई उपलब्धी मान्ने गरेको देखिन्छ,। तर, नीतिमा उल्लेख भएका कुरा नतिजामा भने देख्न निकै मुश्किल छ। नेपाल सरकारले मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धीहरूबाट प्राप्त सिफारिसको कार्यान्वयनको लागि राष्ट्रिय मानवअधिकार कार्ययोजनाको निर्माण गरेको छ। नेपाल सरकारले वि.सं. २०६१/६२ देखि निरन्तर रूपमा मानवअधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ। हालसम्म यस्ता चारवटा मानवअधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन भइसकेका छन् र अहिले पाँचौ कार्ययोजना कार्यान्वयनको चरण सुरू भएको छ। यी कार्ययोजना मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी र संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन प्रतिबद्धताको प्रमाण हो।

कार्ययोजनाले मूलतः सचेतना बढाउने र सरकारका नीति, कार्यक्रम तथा बजेटलाई मानवाधिकारको दृष्टिकोणबाट हेरेको देखिन्छ। तर यसको कार्यान्वयन पक्ष भने फितलो छ। कार्य योजनामा उल्लेख भएका सिफारिस कार्यान्वयनका लागि के गर्ने र कसले गर्ने भन्ने सवाल स्पष्ट हुन सकेको छैन। अर्कोतिर यो सरकार एक्लैले गर्न सक्ने काम होइन, त्यसैले सरकार बाहिरका संयन्त्रहरूलाई पनि यसमा समेट्न सकेको खण्डमा मात्रै यस्ता व्यवस्थाको कार्यान्वयन प्रभावकारी हुनसक्छ। अर्को कुरा कार्य योजना  अनुसार निरन्तर खोजी गर्ने (follow up) र सुनुवाई गर्ने काम हुनसकेको छैन।

यसका लागि काम गर्ने छुट्टै प्रकारको ढाँचा (National framework) चाहिन्छ। एउटा यस्तो ढाँचा जसले सरकारका सम्पूर्ण संयन्त्रलाई साझा रूपमा जोड्न सकोस, नियमित अनुगमन गर्न सकियोस, एक अर्काका कामलाई पूरक रूपमा सहयोग पुगोस र समन्वयात्मक किसिमले नतिजामुखी काम गर्न सकियोस् ।[२]

धेरै सरकारी अधिकारिको बुझाई लैंगिक हिंसा भनेको लिङ्गका आधारमा हुने हिंसा मात्र हो भन्ने देखिन्छ। यो आंशिक बुझाइ मात्र हो। सयुंक्त राष्ट्रसंघका महासन्धीहरूको व्याख्या अनुसार नेपालमा जातिय, भौगोलिक, यौनिकता, भूगोलका आधारमा हुने धेरै किसिमका विभेद कायम छन्। त्यसैले यिनीहरूको अन्तरसम्बन्ध (Intersectionality) लाई केलाएर हेर्न जरुरी छ। यसबाट मात्रै विभेदका बहुदायमिकता बारे स्पष्ट व्याख्या हुन् सक्छ। त्यसो नहुने हो भने महिलाको सशक्तिकरण र अधिकारका लागि भएका व्यवस्थाहरूको कार्यान्वयन सम्भव हुदैन।

संघीय व्यवस्थामा संघ, प्रदेश र स्थानीय तहका आ-आफ्ना अधिकार क्षेत्रहरू छन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रदेश र स्थानीय तहलाई सन्धी अन्तर्गतका समितिहरूले गरेका सिफारिसहरू लागू गर्न निर्देशन गर्न सक्दैन, पाउदैन। यस्तो अवस्थामा तीन तहकै सरकारलाई त्यस्ता सिफारिसहरूको कार्यान्वयनका लागि निर्देशन दिने सक्ने अख्तियारी राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग जस्ता संवैधानिक आयोगलाई छ। तर यिनीहरूको भूमिकालाई कमजोर बनाउने काम भएको छ। राष्ट्रिय दलित आयोग पहिला कानुन आयोग थियो र अहिले संवैधानिक आयोग छ। स्वभाविक रूपमा कानुन आयोग भन्दा संवैधानिक आयोगको कामको दायरा र प्रभावकारिता ठूलो हुन्छ। तर व्यवहारमा यी आयोगको प्रभाव र कार्यक्षेत्रलाई खुम्चाएको छ। उदाहरणका लागि राष्ट्रिय दलित आयोगले कानुन आयोगको हैसियतमा हुनु भन्दा कम बजेट पाइरहेको छ, भने कानुन आयोग हुँदा सचिवको नेतृत्वमा हुन्थ्यो भने अहिले सह-सचिवको नेतृत्वमा चलिरहेको छ।

[२] *संबिधान तथा कानुनका विज्ञ टेक ताम्रकारसंग २०७८ साल भदौ २१ गते काठमाडौँमा गरिएको कुराकानीमा आधारित*

तेस्रो युपीआर कोरोनाका कारण सिर्जित अवरोधका कारण पूर्वनिर्धारित समयमा सम्पन्न हुन नसकेकोले त्यसका सिफारिसहरू पाँचौ राष्ट्रिय मानवअधिकार कार्य योजनामा समाबेश हुन सकेका छैनन् । सरकारले यसका लागि छुट्टै कार्य योजना ल्याउने भने पनि त्यस तर्फ कुनै पहल भएको छैन ।

जातिय छुवाछूत र विभेदका घटनामा कानुन कार्यान्वयनमा नेपाल प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ। कतिपय सन्दर्भमा जाहेरी लिन नमान्ने, राजनीतिक प्रभावमा परेर अनुसन्धान फितलो गर्ने लगायतका त्रुटीहरू हुँदै आएका छन् । संसदको कानुन, न्याय तथा मानवअधिकार समितिले आफ्नो प्रतिवेदनमा ७७ वटै जिल्ला प्रहरी कार्यालयमा दलित डेस्क राख्नु पर्ने सुझाब दिएको र नेपाल प्रहरीले पनि त्यसलाई सैद्धान्तिक रूपमा स्वीकारेको अवस्था छ।[३] सोही बमाजिम गृह मन्त्रालयले मातहत निकायबाट प्रदान गरिने सेवामा दलित समुदायमा सर्वसुलभ पहुँच सुनिश्चित हुने गरि 'हेल्प डेस्क' स्थापना गर्न निर्देशन दिएको छ। जस अन्तर्गत सबै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयहरू र सबै प्रहरी युनिटहरूमा दलित लक्षित डेस्क संचालनका लागि पत्राचार गरेको छ। यसलाई यथाशिघ्र कार्यान्वयनमा लिएर जानुपर्छ।

नेपालको तेस्रो युपीआर भर्खरै सम्पन्न भएकोले यसको कार्यान्वयनको अवस्था हेर्न केही समय कुर्न पर्ने देखिन्छ, तर अहिलेको अवस्था कस्तो छ भनेर हेर्न यहाँ उल्लेख छ।

---

[३] *संघीय संसदको कानुन, न्याय तथा मानव अधिकार समितिका सदस्य मा. मिन बिश्वकर्मासंग २०७८ भदौ १४ गते काठमान्डौमा गरेको वार्तालापमा आधारित।*

| युपिआरका सिफारिसहरु | कार्यान्वयन अवस्था |
|---|---|
| • नेपाल सरकारले महिलाविरुद्ध प्रत्यक्ष वा अप्रत्यक्षरुपमा हुने सबै प्रकारको हिंसा र विविध किसिमका विभेदलाई परिभाषित गर्ने र अन्त्यका लागि कानुन निर्माण गर्नुपर्छ। | नेपालमा महिलाविरूद्ध हुने सबै प्रकारका विभेदलाई परिभाषित गर्ने कानुन निर्माण भएको छैन। जसले गर्दा उनीहरूका हक अधिकारलाई स्थापित गर्न व्यवहारिक रूपमा कठिनाई भएको छ। महिलाभित्र पनि दलित, अपांगता भएका, दुर्गम क्षेत्रका महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक महिलाहरूले बहुविभेद भोगिरहेका छन् र त्यसको परिभाषा हुन् जरूरी छ। मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १० (भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर) मा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न हुँदैन भनिएको छ, तर के के व्यवहार भयो भने त्यो विभेद हुन्छ भनेर परिभाषित गरिएको छैन। |
| • जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको २५औं वार्षिकोत्सवको अवसरमा नैरोबीमा सम्पन्न भएको शिखर सम्मेलनमा व्यक्त भएका प्रतिबद्धतालाई लागू गर्नुपर्छ। यसबाट सिमान्तकृत समुदायले गुणस्तरीय परिवार योजनामा विश्वव्यापी पहुँच, किशोर/किशोरी मैत्री स्वास्थ्य सेवाको दयारा विस्तार, पाठ्यक्रममा बृहत लैंगिक शिक्षालाई एकीकृत गर्ने युवाहरूको क्षमता र आवश्यकतालाई समेत मध्यनजर गर्दै उनीहरूलाई आफ्नो प्रजनन अधिकार उपभोग गर्न सक्ने बनाउनुपर्छ। | यो सिफारिसलाइ विभिन्न ४ वटा उपसमूहमा राखेर हेर्न सकिन्छः<br>**शिक्षामा पहुँच**<br>• शिक्षा मन्त्रालयलको सात वर्षे विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि विद्यालय शिक्षामा पहुँच र गुणस्तर वृद्धिका लागि समता र सामाजिक समावेशीकरणको सुनिश्चितताका लक्ष्य तथा रणनीतिहरू तय गरेको छ, जस अनुसार यौन र प्रजनन स्वास्थ्यका बारेमा पाठहरू छन्।<br>**शैक्षिक पाठ्यक्रम**<br>नेपालमा शिक्षामा समयानुकुल परिबर्तन हुन् सकेको छैन। पाठ्यक्रम र पाठ्यपुस्तकमा सामयिक सुधार र समयमा उपलब्धतालाई जोड दिइएको छ। अधिकांश जिल्लामा अहिले पनि दलित बिद्यार्थीले समयमा पाठ्यपुस्तक पाउन सकेका छैन भने बिद्यालयमा निरन्तर विभेद भैरहेको छ। मानिसको चेतनास्तर परिवर्तन भएपनि पाठ्यपुस्तकमा लैङ्गिताका आधारमा पूर्वाग्रह देखिएको छ।[४] पाठ्यपुस्तकमा महिला विभेद्का विषय छन् भने विद्यालय र समाजमा पनि त्यसको प्रभाव पर्छ।<br>**यौन शिक्षा तथा प्रजनन स्वास्थ्य अधिकार**<br>• नेपालको संविधानमा महिलालाई प्रजनन स्वास्थ्य र प्रजनन सम्बन्धी हक मौलिक हकको रूपमा उल्लेख छ। महिलाविरूद्ध शारीरिक, मानसिक अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने व्यवस्था छ। तर यो व्यवहारमा कार्यान्वयन हुन् सकेको छैन। दण्ड र सजायका हिसाबले यसको सबै भन्दा ठुलो असर दलित महिलामाथि परेको छ। |

[४] *संघीय संसदको कानुन, न्याय तथा मानव अधिकार समितिका सदस्य मा. मिन बिश्वकर्मासिंग २०७८ भदौ १४ गते काठमान्डौमा गरेको वार्तालापमा आधारित।*

| | |
|---|---|
| • दलित समुदाय, कम प्रतिनिधित्व भएका जात/जाति, आदिवासी जनजाति, अपांगता भएका बालबालिकाको सबै तहको शिक्षामा पूर्ण समावेशी बनाउन र उनीहरूको परिणाममुखी सिकाई सुनिश्चित गर्न सबै आवश्यक उपायहरू लिनुपर्छ । यी समुदाय विशेषगरी महिलाको शिक्षण संस्थाहरूमा प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ। | • प्राथमिक तहको सिकाई उपलब्धी त्यसै पनि कमजोर छ, त्यसमा दलित बालबालिका झन् कमजोर पाइएका छन्। राज्यले दलित बालबालिकाको शिक्षामा पहुँच बढाउनका निम्ति छात्रवृत्ति लगायतका सुधारमुखी नीतिगत व्यवस्था नगरेको होइन। तर, त्यसले सकारात्मक नतिजा दिन सकेको छैन।<br>• शैक्षिक गुणस्तर परीक्षण केन्द्रको एक अध्ययन अनुसार सिकाई उपलब्धी कक्षा ३ को नेपाली र गणित विषयमा राष्ट्रिय औसत क्रमशः ५२ र ४५ प्रतिशत छ भने दलितको ४७ र ४५ छ। कक्षा ५ को नेपाली, गणित र अङ्ग्रेजी विषयमा राष्ट्रिय औसत क्रमशः ४६, ४८ र ४७ प्रतिशत रहेको देखिन्छ भने दलितको ४४, ४० र ४३ छ।<br>• जब सम्म विद्यालय शिक्षाले नेपाली समाजमा व्याप्त जातिय भेद्भावको जरो उखेल्ने रणनीती लिँदैन, तब सम्म संविधान र कानुनमा निषेध गरिएको जातिय भेदभाव र छुवाछूत समाजमा कायमै रहन्छ।<br>• संविधान र कानुनमा जातिय विभेद र छुवाछूत निषेध गरिएको भए पनि बिद्यालय शिक्षामा पनि यसलाई हटाउने किसिमका पाठ्यक्रम, पाठ्यपुस्तक र सामाग्रीहरू समाबेश हुन जरूरी छ।<br>• शिक्षण पेशामा दलित महिलाको उपस्थिती नगण्य छ। |
| • सिमान्तकृत समुदायका महिला तथा बालिकाहरूलाई न्याय प्रदान गर्न र त्यसको संरक्षण गर्न आवश्यक नीति अबलम्बन गर्नुपर्छ। | • कानुनी सचेतना र साक्षरताले नागरिकलाई जागरूक बनाउँछ। सरकारले आवाज उठाउन असक्षम तथा न्यायमा सहज पहुँच नभएका आर्थिक, सामाजिक तथा संस्कृतिक रूपले पछाडि पारिएका दलित लगायत बिपन्नका लागि कानुनी सचेतनाको व्यवस्था गरेको छ। तर शिक्षामा असमान पहुँच, भौगोलिक विकटता, लैंगिक, आर्थिक, सामाजिक तथा जातिय भिन्नता जस्ता समस्याले गर्दा सिमान्तकृत समुदायका महिला तथा बालबालिकाको न्यायको पहुँच सहज छैन।<br>• संविधान, कानुन महिला मैत्री भए पनि दलित महिलाका अधिकार अपेक्षित रूपमा व्यवहारमा लागू हुनसकेको छैन। |
| • महिला र बालिकाविरूद्ध विविध प्रकारका विभेदको अन्त्य गर्न र महिला, बालबालिका सिमान्तकृत समुदायको अधिकार सुनिश्चित गर्न प्रयत्न जारी राख्नुपर्छ। | • महिला तथा बालबालिकाको हक अधिकारका सम्बन्धमा नीतिगत व्यवस्थाको कमी छैन । महिलाका सन्दर्भमा कार्यस्थलमा हुने यौनजन्य हिंसा निवारण ऐन २०७१, घरेलु हिंसा (कसुर र सजाय) ऐन, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन लगायतका व्यवस्था छन्। त्यसैगरी बालबालिकाका सम्बन्धमा पनि नेपालको संविधानको धारा ३९ मा उनीहरूको अधिकारको व्यवस्था गरिएको छ। त्यसका अतिरिक्त बालबालिका ऐन २०७५ बाल अधिकार सम्बन्धी विविध अधिकारक उल्लेख छ। तर यिनीको कार्यान्वयन हुन् सकिरहेको छैन। |

### ४.१.५ सुधारका लागि सिफारिस

सरकारले युपीआरबाट प्राप्त सिफारिसको कार्यान्वयनका लागि मानवअधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजना आ.ब. २०६१/६२ देखि निरन्तर रूपमा लागू गरिरहेको छ। यसले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धीहरू र संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि एउटा कार्ययोजना बनाएको छ। सिफारिसको कार्यान्वयनको प्रतिबद्धता मात्र छ, त्यसको बृहत खाका, अनुगमन, समन्वय जस्ता सवालहरू अमुर्त छन्, जसले गर्दा त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। अर्को कुरा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तरगत रहेको मानवअधिकार तथा अन्तर्राष्ट्रिय सम्झौता महाशाखाको संरचना कार्यमूलक (functional) छैन, निर्देशनात्मक (directive) प्रकारको छ। यसले काम गरिरहेको छैन, यसको बिकल्प आवश्यक छ। यसमा थप सुधारका लागि निम्नलिखित कामहरू गर्नुपर्ने देखिन्छः

- यूपीआरमा सरकार र सामाजिक संघ संस्थाको संलग्नता कर्मकाण्डी जस्तो भएको छ। दुवैको काम गर्ने शैली प्रतिवेदन बुझाउनेमा मात्र सिमित भएको देखिन्छ। यूपीआरमा सरकार र सामाजिक संघ/संस्था दुबैले निरन्तर रूपमा आफ्नो संलग्नता बढाउनुपर्छ। यसरी प्राप्त सिफारिसलाई संघ, प्रदेश र स्थानीय तहका सरकारले आफ्नो बार्षिक नीति, कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्नुपर्छ। सामाजिक संघ/संस्थाले पनि दलित महिलासँग सम्बन्धित सिफारिसमा सचेतना जगाउने, अनुगमन/मूल्यांकन गर्ने, अनुसन्धान गर्ने, बहस/पैरवी गर्ने र सरकारसँग समन्वय आदि गरेर आफ्नो निरन्तर संलग्नतालाई जारी राख्नुपर्छ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत रहेको मानवअधिकार तथा अन्तर्राष्ट्रिय सन्धी/सम्झौता महाशाखाले नेपाल पक्ष राष्ट्र भएका सन्धी तथा सम्झौताको समन्वय गर्ने काम गरिरहेको छ। महाशाखाको अधिकांश समय प्रतिवेदन बुझाउने र स्पष्टिकरण दिएर जान्छ।[५] त्यसैले सरकारले एउटा सचिवालयको काम गर्न सक्ने छुट्टै स्थायी प्रकृतिको संरचना निर्माण गर्न जरुरी छ। यसका साथै त्यस्तो संयन्त्रले युपीआरको सिफारिस कार्यान्वयनको

---

[५] *प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहेको मानव अधिकार तथाअन्तर्राष्ट्रियसन्धि/सम्झौता महाशाखा प्रमुख सहसचिब कोशलचन्द्र सुबेदीसंग गरिएको कुराकानीमा आधारित।*

अवस्थाबारे अनुगमन गर्ने, प्रगतिको निरन्तर दस्तावेजीकरण गर्ने, आवश्यक तथ्यांकका लागि विभिन्न निकायबीच सहजीकरण गर्ने जस्ता काम गर्नु जरूरी छ।

- संवैधानिक र कानुनी व्यवस्था साधन हुन्, साध्य होइनन् । सरकारले निरन्तर रूपमा युपीआरका तीनवटै चक्रमा कानुनी प्रावधानलाई नै प्रगतिको रूपमा प्रस्तुत गरिरहेको छ। तर त्यसको कार्यान्वयनको अवस्था मापन गर्ने न त कुनै प्रणाली विकास गरिएको छ, न त त्यसका लागि चाहिने आवश्यक तथ्यांक नै उपलब्ध छ। त्यसैले सरकारले निरन्तर रूपमा खण्डीकृत तथ्यांकको उत्पादनमा जोड दिनुपर्छ र यसमा विश्वविद्यालय, अनुसन्धानमुलक संस्थालाई पनि प्रोत्साहन गर्नुपर्छ।
- महासन्धी अन्तर्गतका समितिबाट प्राप्त सिफारिस सम्बन्धित मन्त्रालय र युपीआरबाट प्राप्त सिफारिस प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत समन्वय भइरहेको देखिन्छ। सरकार र त्यसका विभिन्न अंगबीच आवश्यक समन्वय हुन् नसक्दा अधिकांश सिफारिस कार्यान्वयन भएका छैनन्। त्यसका लागि प्रणाली विकास गरिएको छैन र भएका कामहरूको अभिलेख पनि राखिएको छैन। अधिकांश सिफारिसहरू एकै प्रकृतिका छन्। त्यसैले सरकारले विभिन्न सरकारी निकायबीच निरन्तर समन्वय, सम्वाद र कामको निगरानी गर्न सक्ने एउटा स्थायी पद्दतीको संरचनाको निर्माण गर्न जरूरी छ।
- यूपीआरमा राष्ट्रिय मानवअधिकार संस्थाहरूको भूमिका महत्वपूर्ण हुन्छ । राष्ट्रिय दलित आयोगका तमाम काममध्ये समुदायसँग सम्बन्धित नीति बनाउने र कार्यक्रमको समिक्षा, अनुगमन र मुल्यांकन गर्ने काम मुख्य हो। त्यसैले आयोगले अन्य सामाजिक संघ/संस्थासँग मिलेर प्रतिवेदन बुझाउने भन्दा पनि नेपाल पक्ष राष्ट्र भएका सन्धी/सम्झौताबाट प्राप्त दलित केन्द्रित सिफारिस कार्यान्वयन भए नभएको हेर्ने, निरन्तर अनुगमन र मुल्यांकन गर्ने, सूचकहरू विकास गर्ने र अन्य आयोगहरूसँग सहकार्य गरी दलित सम्बन्धी अधिकारको कार्यान्वयनमा भूमिका निर्वाह गर्न आवश्यक छ। यसका लागि दलित आयोगको क्षमता अभिवृद्धि गर्नुका साथै पर्याप्त बजेटको व्यवस्था पनि गरिनुपर्छ। दलित आयोग आफैले पनि छुट्टै प्रतिवेदन बुझाउन सक्दछ। दलित आयोगभित्र पनि अन्तर्राष्ट्रिय सन्धी/सम्झौता तथा मानवअधिकार सम्बन्धी हेर्ने छुट्टै डेस्क स्थापना हुन जरूरी छ।

- अन्तर्राष्ट्रिय सन्धी/सम्झौताको सवालमा सम्पर्क मन्त्रालयको रूपमा परराष्ट्र मन्त्रालय हो। तर मन्त्रालयले सामाजिक संघसंस्थासँग कुनै प्रकारको समन्वय गरेको पाईंदैन। युपीआरको सिफारिसको कार्यान्वयनका कुनै खाका पनि छैन। त्यसैले दलित सवालमा काम गर्ने सामाजिक संघ/संस्थाले एउटा छुट्टै मानवअधिकारसँग सम्बन्धित सन्धी/सम्झौताको लागि अनुगमन गर्ने संयन्त्रको स्थापना गर्न आवश्यक छ। यसको नेतृत्व र सचिवालयलाई चक्रिय प्रणालीबाट संचालन गर्न सकिन्छ।
- राष्ट्रिय दलित आयोगले दलित समुदायको हक हित प्रवर्द्धनका लागि दलितसम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय ऐन नियमको प्रचार/प्रसार गर्ने, विद्यालयस्तरमा जातिय छुवाछूत र विभेद विरूद्ध अभिमुखीकरण गर्ने र दलित अधिकारसम्बन्धी सचेतनात्मक कार्यक्रम गर्नुपर्छ।
- जातिय छुवाछूत तथा विभेद (कसूर र सजाय) ऐन २०६८ दण्ड र सजायका हिसाबले अपूर्ण छ र यसलाई संसोधन गर्न आवश्यक छ। विद्यमान व्यवस्थामा थुप्रै कमजोरी भएकोले दलित समुदायले दण्डहीनता भोग्नु परिरहेको छ। त्यसैले जातिय छुवाछूत र विभेदका मुद्धामा दण्ड बढाउने र धरौटीमा छाड्न नपाइने व्यवस्था गर्नुपर्छ।

## ४.२. महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन समिती (CEDAW)

### ४.२.१ परिचय

महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन महासन्धी महिलाको मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न स्थापित महत्वपूर्ण मानव अधिकार संयन्त्र हो। यस महासन्धीले महिलाका अधिकारलाई नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा संस्कृतिक क्षेत्रमा सुरक्षित हुनुपर्छ भन्ने कुरालाई जोड दिएको छ। त्यसैले यस महासन्धीलाई महिलाको अन्तर्राष्ट्रिय अधिकारपत्र (International Bill of Rights for Women) पनि भनिन्छ। यसको मुख्य उद्देश्य महिला विरुद्धको विभेदको उन्मुलन गर्ने, पुरुष र महिलाबीच समानता कायम गर्ने हो। यो महासन्धी सयुंक्त राष्ट्रसंघको महासभामा १८ डिसेम्बर १९७९ मा पारित भई ३ सेप्टेम्बर १९८१ बाट लागु भएको

हो। सयुंक्त राष्ट्र संघले यसको पालनाको थप प्रत्याभूतिका लागि सन् २००० मा यसको इच्छाधीन आलेख (Optional Protocol) समेत जारी गरेको छ, जसले यो समितिको क्षेत्राधिकारलाई थप फराकिलो बनाएको छ। त्यसपछि समितिले "बैकल्पिक प्रोटोकल" अन्तर्गत पर्न आउने उजुरी समेत हेर्ने काम गर्दछ र महिलाका गम्भीर मानव अधिकार हननका घटनामा थप जाँच पनि गर्न सक्दछ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन समिति महासन्धीको धारा १७ अन्तर्गत गठन भएको हो र यसको मुख्य काम पक्ष राष्ट्रले पेश गर्ने प्रतिवेदनको समिक्षामार्फत महासन्धी अन्तर्गतका दायित्वहरू पक्ष राष्ट्रले पालना गरे/नगरेको परीक्षण गर्ने काम गर्दछ। यही उद्देश्यका लागि समितिले पक्ष राष्ट्रले बुझाएका प्रतिवेदनको अवलोकन गर्दछ।

नेपालले महिला महासन्धीलाई २२ अप्रिल १९९१ र महासन्धीको बैकल्पिक प्रोटोकललाई १५ जुन २००७ मा अनुमोदन गरिसकेको छ। महासन्धीको अनुमोदन पश्चात नेपालले आफ्नो प्रारम्भिक प्रतिवेदन १९९७ मा महिलाविरुद्ध भेदभाव उन्मुलन समिति समक्ष बुझाएको थियो। त्यसैगरी दोस्रो र तेस्रो सयुंक्त आवधिक प्रतिवेदन अक्टोबर २००२ मा बुझाएको थियो भने चौथौं र पाँचौ सयुंक्त आवधिक प्रतिवेदन २००९ मा समिति समक्ष बुझाएको थियो।

नेपालले पछिल्लो पटक २०१८ मा छैंठौ प्रतिवेदन बुझाएको थियो र यहाँ त्यस प्रतिवेदनमाथि प्राप्त सिफारिसको विश्लेषण र कार्यान्वयनको अवस्थाका बारेमा यसमा चर्चा गरिएको छ।

यस समितिले लैंगिक विभेद अन्त्य गर्न राष्ट्रिय कानुनमा महिला अधिकारको संरक्षण गर्न, राष्ट्रिय कानुनमा रहेका विभेदकारी व्यवस्थाहरू खारेज गर्न तथा महिला अधिकारको संरक्षण र सम्बर्द्धनका लागि नयाँ कानुनको निर्माण गर्न तथा महिला अधिकारको प्रभावकारी संरक्षणका लागि राष्ट्रिय संयन्त्रको विकास गर्न राज्य पक्षको दायित्व हुन् आउछ। सन् २०१८ सम्म १८९ देशले यो महासन्धीको

अनुमोदन गरिसकेका छन् । महिलाविरूद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति स्वतन्त्र विज्ञहरूको एउटा यस्तो अंग हो जसले महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन महासन्धीको कार्यान्वयनको मुल्यांकन गर्दछ। यसमा संसार भरिबाट २३ महिला अधिकार सम्बन्धी विज्ञहरूको समूह हुन्छ।

यस समितिले विशेषगरी महिला र पुरूषबीच समानता कायम गर्ने, सामाजिक कुरूतीविरूद्ध काम गर्ने र महिलालाई राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शिक्षा, स्वास्थ्य तथा रोजगार लगायतको क्षेत्रमा समान पहुँच स्थापित गर्ने कुराको वकालत गर्दछ।

यस समितिले महिलाको मानवअधिकारको प्रवर्द्धन, संरक्षण र त्यसको परिपूर्तिका लागि एउटा बृहत ढाँचा प्रदान गर्दछ। यसले विशेषगरी पक्ष राष्ट्रलाई महिलाविरूद्ध सबै क्षेत्रमा हुने विभेदको उन्मुलन गर्न कुनै ढिला नगरी हरेक किसिमले, विशेषगरी कानुन बनाएर जवाफदेही बनाउने गर्दछ। यो महासन्धीले महिला र पुरूषबीच कानुनीरूपमा मात्र होइन, परिणाममा नै समानता कायम गर्ने कुरा गर्दछ।

यो महासन्धी तीनवटा सिद्धान्त आधारभूत समानता, भेदभाव नगर्ने र राज्यको दायित्वमा आधारित छ। यस समितिमा पक्ष राष्ट्रले महासन्धीमा निहीत अधिकारको कार्यान्वयन कसरी भइरहेको छ भन्ने बारेमा नियमित प्रतिवेदन बुझाउनु पर्छ। नियमित बैठकमा समितिले पक्ष राष्ट्रले बुझाएका प्रतिवेदनमाथि विचार गर्ने र उसका आधिकारिक चासोलाई सम्बोधन गर्ने काम हुन्छ, जसलाई समापन अवलोकन भनिन्छ।

यस महासन्धीको बैकल्पिक प्रोटोकलका अनुसार, यस समितिलाई निम्नलिखित काम गर्ने अधिकार छः क) मानवअधिकार हननका सम्बन्धमा कुनै व्यक्ति वा समूहले बुझाएका प्रतिवेदन बुझ्ने, ख) यसरी प्राप्त प्रतिवेदन उपर थप सोधपुछ गरी महिला अधिकारको हननको गाम्भीर्यतालाई बुझ्ने। यो विधि बैकल्पिक भएकोले पक्ष राष्ट्र सहमत भए मात्र उपलब्ध हुनसक्छ।

सिड समिती सम्बन्धी बैकल्पिक प्रोटोकलले समितिलाई महिलाले एकल वा समूहगत रूपमा आफ्ना अधिकार हननका कुरा उजुरी गर्न सक्ने वा गम्भीर मानवअधिकारका घटनामा सन्दर्भमा समितिले थप बुझ्न सक्ने व्यवस्था पनि गरेको छ।

### ४.२.२ **सिड समितिको समिक्षा प्रक्रिया**

सिड समिति सयुंक्त राष्ट्रसंघको एउटा यस्तो अंग हो जसमा २३ जना स्वतन्त्र विज्ञको समूह हुन्छ। यी विज्ञहरूले महासन्धी अन्तर्गतका प्रावधान पक्ष राष्ट्रले कार्यान्वयन गरे/नगरेको मूल्यांकन गर्दछन्। पक्ष राष्ट्रले समितिलाई नियमित रूपमा प्रतिवेदन बुझाउनु पर्छ।

यस अन्तर्गत पक्ष राष्ट्रले पहिलो पटक सन्धी अनुमोदन गरेको एक वर्षभित्र र त्यस पछाडि प्रत्येक ४ वर्षमा कानुन निर्माणमा लगायत न्यायिक, प्रशासनिक र अन्य क्षेत्रमा गरेका प्रगती प्रतिवेदन बुझाउनु पर्छ। यसरी प्राप्त प्रतिवेदनलाई सिड समिति समक्ष विचारार्थ प्रस्तुत गरिन्छ।

पहिलो प्रतिवेदनमा पक्ष राष्ट्रमा महिलाको अवस्थाका बारेमा विस्तृत र व्यापकरूपले उल्लेख गरिनुका साथै त्यसपछि हुने समिक्षाका लागि आवश्यक आधारहरू पनि उल्लेख गरिन्छ। त्यस पछाडिका प्रतिवेदनमा अघिल्ला वर्षमा गरिएका प्रतिबद्धताको कार्यान्वयनको अवस्था, अघिल्लो ४ वर्षमा भएका महत्वपूर्ण घटनाको विवरण, मुलभूत प्रवृत्तिलाई ध्यान दिने र महासन्धीले इंगित गरेका प्रावधान प्राप्त गर्न के कस्ता बाधा अड्चन छन् भन्ने हेरिन्छ।

प्रारम्भिक प्रतिवेदनलाई पक्ष राष्ट्रका प्रतिनिधिको उपस्थितिमा मुल्यांकन गरिन्छ, यसमा पक्ष राष्ट्रले पुरक प्रस्तुती पनि गर्न सक्ने अधिकार हुन्छ। छलफलमा उपस्थित सहभागीले थप स्पष्टिकरण र व्याख्याका लागि प्रतिवेदन, पुरक प्रस्तुती वा समितिका आधारभूत लक्ष्यमा आधारित रहेर पक्ष राष्ट्रलाई अनुरोध गर्न सक्छन्। पक्ष राष्ट्रले ती प्रश्नको उत्तर दिने वा सो का लागि थप सामग्री उपलब्ध गराउन पनि सक्छ। सामान्यतया ५ सदस्य समितिले कार्य समूहको पूर्व सत्रमा पक्ष राष्ट्रले बुझाएका

प्रतिवेदनहरूको समिक्षा गर्दछन्। कार्य समूहले पूर्ण समितिको बैठकका लागि आवश्यक प्रश्नहरू तयार गर्ने काम गर्छन् भने यसरी तयार पारिएका प्रश्न पक्ष राष्ट्रलाई छलफल पूर्व नै प्रदान गरिन्छ। पक्ष राष्ट्रका प्रतिनिधिले समितिलाई भेटेर उनीहरूका प्रश्नको जवाफ दिन्छन्।

यसरी पक्ष राष्ट्रको प्रतिवेदनमाथि आवश्यक विचार गरी सकेपछि सिड समितिले निष्कर्ष सहीतका टिप्पणी तयार गर्छ, जसले महासन्धीका प्रावधान लागू गर्न भएका कठिनाईहरूलाई पनि सम्बोधन गरिएको हुन्छ। यसका अलावा सकारात्मक पक्ष, सरोकारका मुख्य विषय, सुझाव तथा सिफारिस पनि उल्लेख हुन्छन्। यसले महासन्धीका प्रावधान लागू गर्न सहज गरिदिन्छ।

### ४.२.३ सिडले दिएका सिफारिसको विश्लेषण

सिड समितिबाट नेपाल सरकारकालाई प्राप्त गरेका धेरैजसो सिफारिस नीतिगत सवाल (Policy Framework) मा भन्दा कार्यान्वयन (Implementation) सँग सम्बन्धित छन्। सिड समितिबाट प्राप्त सिफारिसलाई सम्बन्धित महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले अपनत्व ग्रहण गरेको छ,उसैले ती सुझाव कार्यान्वयनको नेतृत्व लिनुपर्ने हुन्छ। नेपालले पछिल्लो प्रतिवेदन पनि समयमै बुझाएको छ।

महिला विरूद्ध हुने भेदभाव उन्मूलन गर्ने समिति (सिड) ले नेपालले बुझाएको छैटौँ आवधिक प्रतिवेदनमाथि १४ नोभेम्बर २०१८ मा विभिन्न सुझाव सहीत निष्कर्ष टिप्पणी दिएको थियो। महिलाविरूद्ध हुने सबै खाले विभेदको उन्मुलन (सिड) अन्तर्गत सन् २०१८ मा नेपालले पेश गरेको छैठौ आवधिक प्रतिवेदनमाथि राष्ट्रसंघीय समितिको निष्कर्ष सहीतका सुझाब (Concluding observation) को अनुच्छेद ११ (ख), २४ (क), २५ (क),२८ (ख), ३८ (घ) र ४१ (ग) मा दलित महिला लगायत धेरै प्रकारका विभेद भोगिरहेका महिलाका बारेमा चासो राखेर सुझाब दिएका छन्। ती सुझाब अन्तर्गत आर्थिक र कानुनी सहयोग, वैदेशिक रोजगारमा निषेध र मानव ओसार पसार र बेचविखन जोखिम नियन्त्रण गर्ने, स्वास्थ्य सेवा प्रदायकबाट हुने विभेदको अन्त्य र विपतको सामना गरिरहनु पर्ने महिलाका

लागि स्वास्थ्य, शिक्षा, सुरक्षित पानी, सरसफाई, खाना, आवास, ऋण र आम्दानीका अवसरमा पहुँच जस्ता विषय समावेश छन् । सिडबाट प्राप्त सिफारिस यस प्रकार छन्ः

- दलित, जनजाति, मधेसी, थारू, धार्मिक अल्पसंख्यक, अपांगता भएका, दुर्गम भेगका महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, बिस्थापित र अप्रवासी आदि जस्ता बहुविभेद सामना गरिरहेका महिलाको आर्थिक र कानुनी अधिकार सुनिश्चित गर्न उनीहरूले बुझ्ने सहज भाषामा सूचना प्रदान गर्ने ।
- विद्यमान वैदेशिक रोजगार ऐनका प्रावधानले महिलालाई विदेशी भूमिमा काम गर्ने अवसरबाट बञ्चित गर्नुका साथै विदेशी भूमिमा घरेलु कामदारको रूपमा काम गर्न पनि प्रतिबन्ध लगाएको छ। यसले बिस्थापित, ग्रामिण, जनजाति र दलित युवती तथा महिलालाई अप्रवासनका अवैधानिक बाटोबाट जानुपर्ने बाटोतर्फ धकेलेको छ र यसले मानव बेचबिखनको शिकार हुने सम्भावना बढाएको छ।
- वैदेशिक रोजगारमा जान चाहने महिला कामदार माथि लगाइएको प्रतिबन्ध हटाउनुपर्छ र ग्रामिण, बिस्थापित, जनजाति, दलित लगायत महिलाका बीचमा जनचेतना जगाउने र मानव बेचबिखन सम्बन्धी जोखिम र त्यसको अपराधिक प्रकृतिका बारेमा आवश्यक जनचेतना जगाउने कार्यक्रम गर्नुपर्छ।
- दलित महिलाका सन्दर्भमा निर्वाचन प्रणालीमा गरिएको आरक्षण र समानुपातिक समावेशीको संवैधानिक व्यवस्थाको पर्याप्त मात्रामा कार्यान्वयन भएको छैन।
- दलित, आदिवासी जनजाति, अपांगता भएका महिला, लैगिक तथा यौनिक अल्पसंख्यक, देह व्यपारमा संलग्न महिला र दुर्गम क्षेत्रका महिला आदिलाई स्वास्थ्य सेवा प्रदायकबाट निरन्तर विभेद भोगिरहेका छन् ।
- दलित महिला, आदिवासी जनजाति महिला, अपांगता भएका महिला, लैंगिक अल्पसंख्यक र देह व्यापारमा संलग्न महिलामाथि स्वास्थ्य सेवा प्रदायकबाट हुने विभेदको अन्त्यका लागि सामुदायिक महिला स्वयंसेवकको सहयोगमा सेवा प्रदायकबीच जनचेतना जगाई त्यस्ता महिलाको अधिकार सुरक्षित गर र भेदभावविरूद्ध उजुरी गर्न प्रोत्साहित गर्नुपर्छ।
- बहुविभेद भोगिरहेका महिलाहरू आदिवासी जनजाति, दलित, ग्रामिण महिला,

अपांगता भएका महिला, हिन्दु समाजका बिधवा महिला, युद्ध वा प्राकृतिक प्रकोपले प्रभावित महिलाहरूको संविधानमा व्यवस्था भएका “विशेष अवसर” स्वास्थ्य सेवा, शिक्षा, शुद्ध पिउने पानी, सरसफाई, खाना, उर्वर भूमि, प्राकृतिक स्रोत, आवास, ऋण र अन्य आय आर्जनजन्य अवसर तथा राष्ट्रपती महिला उत्थान कार्यक्रम आदिमा पहुँच अभिवृद्ध गर्न अस्थायी प्रकारका विशेष व्यवस्था अवलम्बन गर्नुपर्छ ।

नेपालले बुझाएको छैटौ आवधिक प्रातिवेदनमाथि १४ नोभेम्बर २०१८ मा महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन समितिले विभिन्न सुझाबहरू सहीत निष्कर्ष टिप्पणी दिएको थियो। समितिले लैंगिक समानता प्रवर्द्धन गर्न र महिला विरूद्धका सबै विभेदको अन्त्य गर्न छैटौ आवधिक प्रतिवेदनमा विभिन्न १७ वटा विषयहरूमा सुझाब दिएको देखिन्छ। ती विषयहरू विभेदजन्य कानुनको खारेजी र समानतामा आधारित कानुन बनाउने, महिला लक्षित बजेट बिनियोजन गरिनु पर्ने, न्यायमा पहुँच अभिवृद्धि गर्ने, सशक्तिकरण गर्ने लगायतका छन्, यसमा पनि दलित लगायत सिमान्तकृत समुदायका महिलाका लागि विशेष व्यवस्था गरिनु पर्ने कुरा पनि समेटिएका छन् । यसका साथै उनीहरूको नीति निर्माण/निर्णय गर्ने तहमा अर्थपूर्ण सहभागिता गर्नुपर्ने कुरा उल्लेख छन् ।

अन्य मानव अधिकार संयन्त्र भन्दा सिड समितिमा दलित महिलाका सवालहरू पर्याप्त मात्रामा आएका छन् । यसमा प्रमाणमा आधारित छायाँ प्रतिवेदनहरूको ठूलो भूमिका रह्यो । सिड समिती सदस्य बन्दना राणाका अनुसार २०१८ मा केही घटना सहीत ४० भन्दा बढी छायाँ प्रतिवेदनहरू सिड समितिमा बुझाइएका थिए । उनका अनुसार कानुन छ, कार्यान्वयन भएको छैन, विभेद निरन्तर छ ।

राष्ट्रिय महिला आयोगको संयुक्त राष्ट्रसंघीय महिला विरूद्ध भेदभाव उन्मूलन गर्ने समिती (CEDAW) बाट नेपाल को छैटौं आवधिक प्रतिवेदनमाथि प्राप्त निष्कर्ष सुझाबको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन प्रतिवेदनका अनुसार पनि अधिकांश सिफारिस कार्यान्वयनको क्रममा छन् । तर तिनको मुल्यांकन हुन् सकेको

छैन । यसले प्रष्ट रूपमा कति प्रदेश, जिल्ला र स्थानीय निकायमा कार्यान्वयन भएको हो बोल्नुपर्छ ।

### ४.२.४ सीडका सिफारिस कार्यान्वयनको अवस्था

सिड समितिले महासन्धीको धारा १ देखि १६ सम्मका व्यवस्थाहरूलाई समेट्ने गरी नेपालको छैटौं आवधिक प्रतिवेदनमा २१ वटा परिच्छेदमा विभिन्न विषयगत क्षेत्र (Thematic areas) मा सुझाब दिएको छ। दलित महिला केन्द्रित सुझावको कार्यान्वयनको अवस्था यस प्रकार छः

| सिफारिस | कार्यान्वयन अवस्था |
|---|---|
| • ११ (ख) दलित, जनजाति, मधेसी, थारू, धार्मिक अल्पसंख्यक, अपांगता भएका, दुर्गम भेगका महिला, लैगिक तथा यैनिक अल्पसंख्यक, विस्थापित र अप्रवासी आदि जस्ता बहुविभेद सामना गरिरहेका महिलालाई निश्चित आर्थिक र कानुनी सहायोग उनीहरूले सहजरूपमा बुझ्न सक्ने भाषामा प्रदान गर्ने । | आर्थिक र कानुनी सहयोगको जानकारी उनीहरूले सहजरूपमा बुझ्न सक्ने भाषामा उपलब्ध छैनन् । |
| • २४ (क) विद्यमान वैदेशिक रोजगार ऐनका प्रावधानले महिलालाई विदेशी भूमिमा काम गर्ने अवसरबाट बञ्चित गर्नुका साथै विदेशी भूमिमा घरेलु कामदारको रूपमा काम गर्न पनि प्रतिबन्ध लगाएको छ, यसले बिस्थापित, ग्रामिण, जनजाती र दलित युवती तथा महिलालाई अप्रवासनका अनियमित प्रवृत्तिहरू तर्फ धकेल्छ र थप मानव बेचबिखनको शिकार हुने सम्भावना बढेर जान्छ। | यस सम्बन्धमा सरकाले "वैदेशिक रोजगारमा जाने घरेलु कामदार लाई व्यवस्थित गर्ने सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०७३ को व्यवस्था गरेको छ। यस अन्तर्गत सरकारले विभिन्न संघ/संस्थासँग मिलेर राहदानी लिने बेला र पहिलो पटक विदेश जाने बेला सम्भावित जोखिम र अपराधिक प्रवृत्तिबारे सचेत गराउने गरेको छ । अहिले घरेलु कामदार मा प्रतिबन्ध लगाएको छ भने धेरैले यसलाई आफ्नो मानवअधिकारको उलंघनको रूपमा बुझेको देखिन्छ। यसले गर्दा तेस्रो देशमार्फत अनधिकृत रूपमा घरेलु कामदारका रूपमा जाने प्रवृत्ति बढेको छ र महिला विभिन्न हिंसाजन्य घटनाको शिकार हुन् पुगेका छन् ।<br><br>घरेलु कामदारको रूपमा महिलालाई नपठाउने सरकारको उद्देश्य देखिन्छ। सरकारले विभिन्न किसिममा यौन हिंसा, श्रम शोषण, शारीरिक यातना लगायतका समस्या हुने भएकाले प्रतिबन्ध लगाएको बताएको छ। |

| | |
|---|---|
| • २५ (क) वैदेशिक रोजगारमा जान चाहने महिला कामदारमाथि लगाइएको प्रतिबन्ध हटाउनुपर्छ र ग्रामिण, बिस्थापित, जनजाति, दलितलगायत महिलाका बीचमा जनचेतना जगाउने र मानव बेचबिखन सम्बन्धी जोखिम र र त्यसको अपराधिक प्रकृतिका बारेमा आवश्यक जनचेतना जगाउनुपर्छ। | सरकारसँगको समन्वयमा विभिन्न संघ/संस्थाले राहदानी बनाउने बेला, समुदाय स्तरमा र पहिलोपटक विदेश जाने बेलामा विभिन्न किसिमका अभिमुखीकरण कार्यक्रम गरेको देखिन्छ।<br><br>यस्ता अभिमुखीकरण कार्यक्रममा उनीहरूलाईसही उमेर उल्लेख गरी नागरिकता/राहदानी बनाउन, विदेश जादा नेपाली बाटो प्रयोग गर्न, श्रम स्वीकृत अनिवार्य लिन र कुनै न कुनै सीप सिकेर मात्र जान हुने जस्ता सुझाब दिने गरिएको छ।[६] यसका बाबजुद पनि दलालहरूले अन्तिम समयमा तेस्रो मुलुकमार्फत यात्रा गर्न बाध्य गरेर पठाउने गरेको देखिन्छ। महिलाको गोपनीयता र सुरक्षाको प्रश्नमा कोही पनि जिम्मेवार भएको देखिँदैन। स्वदेश फर्केका व्यक्तिहरूलाई आवश्यक मनोवैज्ञानिक परामर्श दिने काम पनि भएको छ। तर यसको दयारा सिमित छ। |
| • २८ (ख) दलित महिलाका सन्दर्भमा निर्वाचन प्रणालीमा गरिएको आरक्षण र समानुपातिक समावेशीको संवैधानिक व्यवस्थाको अपर्याप्त कार्यान्वयन भएको छ। | स्थानीय तह निर्वाचन ऐन, २०७३ ले वडा समितिमा प्रत्येक २ जना निर्वाचित महिला सदस्यमा एक जना दलित महिला अनिबार्य हुनु पर्ने प्रावधान छ । फलस्वरूपम ६,७६७ दलित महिला अहिले स्थानीय सरकारमा निर्बाचित भएका छन् । तर संविधानमा उल्लेख भएका प्रावधानहरू कार्यान्वयन गर्न आवश्यक ऐन नबनेकाले प्रदेश र संघमा दलित महिलाको उल्लेख्य उपस्थिति देखिएको छैन। बाध्यकारी कानुनी व्यवस्था नभएकोले राजनीतिक दलले त्यही अनुपातमा प्रदेश र संघमा उनीहरूको प्रतिनिधित्व नगन्य छ । त्यसमा पनि प्रत्यक्ष निर्वाचन प्रणालीमा दलित महिलाको उपस्थिति शुन्य छ, यसका लागि राजनीतिक दल र उनीहरूको विभेदकारी पार्टी प्रणाली जिम्मेवार छ। सहभागिता सुनिश्चत भएपनि उक्त ऐन कार्यदेशबारे मौन छ जसले गर्दा उनीहरूको अर्थपूर्ण सहभागिता हुन सकिरहेको छैन। |
| • ३८ (घ) दलित, आदिवासी जनजाति, अपांगता भएका महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, देहेव्यपरमा संलग्न महिला र दुर्गम क्षेत्रका महिला आदिलाई स्वास्थ्य सेवा प्रदायकबाट निरन्तर विभेद भोगिरहेका छन्। | पत्र-पत्रिकामा प्रकाशित समाचारहरुलाई आधार मान्ने हो भने प्रदेश नं २ र सुदुरपश्चिम प्रदेशमा त्यो किसिमको विभेद छ। एउटा अध्ययनका[७] अनुसार ७९% दलित महिलाले पहाडमा र ८५% दलित महिलाले तराईमा स्वास्थ्य सेवा उपभोग गर्दा जातीय विभेद भोगेको बताएका छन्। |

[६] *श्रम तथा रोजगार कार्यालय धनगढीका प्रमुख जनक सिंह उखेडासंग गरिएको कुराकानीमा आधारित।*

[७] *A Study on the state of social inclusion in Nepal, conduted by the Central Department of Anthropology, TU (2017)*

| | |
|---|---|
| • ३९ (घ) दलित महिला, आदिवासी जनजाती महिला, अपांगता भएका महिला, लैंगिक अल्पसंख्यक र देहव्यापारमा संलग्न महिलामाथि स्वास्थ्य सेवा प्रदायक बाट हुने विभेदको अन्त्यका लागि सामुदायिक महिला स्वयंसेवकको सहयोगमा सेवा प्रदायकबीच जनचेतना जगाई त्यस्ता महिलाको अधिकार सुरक्षित गर र भेदभावविरूद्ध उजुरी प्रोत्साहन गर्नुपर्छ। | महिलाहरु आफु विरुद्ध भएको भेदभाव र हिँसाको उजुरी गर्न जादा मेलमिलाप (समाज, प्रहरी लगायत सबैमा) मा टुंग्याउने प्रचलन बढी छ। त्यसैले अहिले महिला हिंसाका घटनामा न्यायिक समिति र प्रहरीको मा भन्दा सिधै अदालतमा जाने प्रचलन बढेको छ[८] । |
| • ४० (ग) बहुविभेद भोगिरहेका महिलाहरू आदिवासी जनजाति, दलित, ग्रामिण महिला, अपांगता भएका महिला, हिन्दु समाजका बिधवा महिला, युद्ध वा प्राकृतिक प्रकोपले प्रभावित महिलाको संविधानमा व्यवस्था भएका “विशेष अवसर” स्वास्थ्य सेवा, शिक्षा, शुद्ध पिउने पानी, सरसफाई, खाना, उर्वर भूमि, प्राकृतिक स्रोत, आवास, ऋण र अन्य आय आर्जनजन्य अवसर तथा राष्ट्रपतिमहिला उत्थान कार्यक्रम आदिमा पहुँच अभिवृद्ध गर्न अस्थायी प्रकारका विशेष व्यवस्था अवलम्बन गर्नुपर्छ। | विभिन्न सीपमूलक तालिम प्रदान गरिएका छन्, तर तिनको यथोचित मुल्यांकन र अनुगमन हुन् सकेको छैन।<br><br>राष्ट्रपति महिला उत्थान कार्यक्रमले महिलाको आर्थिक सशक्तिकरण, कुरूती विरूद्ध सामाजिक रूपान्तरण तथा उद्धार/संरक्षणका काम भएका छन्। यस अन्तर्गत सिलाई बुनाई, पशुपालन, बाख्रापालन जस्ता सीपमूलक तालिमप्रदान गरिएका छन्। तर यस बाट दलित समुदायका महिला लाभावान्तित हुनूसकेका छैनन। |

[८] *अधिवक्ता कुन्जनी परियार प्यासीसंग २०७८ भदौ १७ गतेका दिन गण्डकी प्रदेशको पोखरामा गरिएको कुराकानीमा आधारित।*

संवैधानिक र कानुनी व्यवस्थालाई नै उपलब्धीका रूपमा हेर्न प्रवृत्तिका कारण सरकार आफै पनि अफ्ट्यारोमा पर्ने गरेको देखिन्छ[१] । सिड समितिको छैठौं आवधिक समिक्षामा सरकारले महिला हिंसा रोक्न कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार निवारण ऐन, २०७१ बनाएको कुरालाई उपलब्धीका रूपमा उल्लेख गऱ्यो । सिड समितिले त्यो ऐन लागू भइसके पछि कति घटना दर्ता भए, दर्ता भएका कति घटनामा पीडितले न्याय पाए भनेर सोधेको प्रश्नमा सरकारी प्रतिनिधि मण्डल नाजवाफ भएको थियो किनकि ७ वर्षको समयमा जम्मा २ वटा मात्र त्यस्ता घटना दर्ता भएका रहेछन् ।

दलित महिलाको न्यायमा पहुँच नगण्य छ। एकातिर न्यायिक प्रक्रियाका बारेमा जानकारी छैन भने अर्कोतिर चेतनाको अभावमा अन्याय सहेर बस्ने वा न्याय नखोज्ने प्रवृत्ति बढी छ। साथै कानुन कार्यान्वयन गर्ने निकायहरूको गैर जिम्मेवारीपनले गर्दा पनि दलित महिलाले न्याय पाउन सकेका छैनन ।

### ४.२.५ सुधारका लागि सिफारिस

युपीआर सुरु भएपछि सयुंक्त राष्ट्रसंघका सन्धी र त्यस अन्तर्गतका समिति निष्प्रभावी भइरहेका छन्। तथापि महिलाविरूद्ध हुने सबै प्रकारका विभेद उन्मुलन सन्धी र त्यस अन्तर्गतका समितिको महत्व भने घटेको छैन। यसले महिलाका अधिकारका सवालमा धेरै महत्वपूर्ण र सकारात्मक विकास गर्न सफल भएको मानिन्छ। कतिपय अर्थराजनीतिक तथा सामाजिक मूल्य मान्यताले महिला अधिकारमा सोचे जती विकास नभएको भने साचो हो। यसलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम गर्न जरूरी छः

- सिड समितिबाट प्राप्त सिफारिसहरूलाई सम्बन्धित मन्त्रालयले नेपाली भाषामा अनुवाद गरेर त्यसको व्यापक वितरण गर्न जरूरी छ । सचेतना र तालिमका माध्यमद्वारा धेरै भन्दा धेरैलाई बुझाउन र त्यसमाथि छलफल हुन जरूरी छ।
- सिड समितिबाट प्राप्त सुझाबका सम्बन्धमा केन्द्र सरकार बाहेक प्रदेश र स्थानीय निकाय बेखबर भैँ छन् । त्यसैले सिड समिति र त्यसले दिएका सिफारिस बारे प्रदेश र स्थानीय सरकारका प्रतिनिधीलाई बुझाउन तालिम आवश्यक छ। त्यसो भए

[१] *महिला, कानुन र विकास मंचका कार्यकारी निर्देशक सबिन श्रेष्ठसंग २०७८ साल असोज ३ गते काठमाडौँमा गरेको कुराकानीमा आधारित।*

मात्र यी सिफारिसलाई स्थानीय सरकारले आफ्नो नीति, कार्यक्रम तथा बजेटबाट सम्बोधन गर्न सक्छ। केन्द्रले पनि स्थानीय सरकारसँग नियमित रूपमा छलफल गर्ने सिफारिसको कार्यान्वयनको लागि आवश्यक दबाव दिने काम गर्नुपर्छ।

- प्रभावकारी अनुगमन संयन्त्रको अभाव छ। अनुगमन कसले गर्ने, त्यसले पहिल्याएका ठाउँहरूमा कसरी सुधार गर्ने र त्यसको कार्यान्वयन भए नभएको नियमित अनुगमन र मुल्यांकन गर्ने निकाय छैन। त्यसैले दलित महिलासँग सम्बन्धित सिफारिसको कार्यान्वयनको अनुगमनका सम्बन्धमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगले सयुंक्त रूपमा काम गर्ने गरी संयन्त्रको आवश्यकता छ। यसमा सामाजिक संघ/संस्थाले संयोजनकारी भूमिका खेल्न सक्छन।
- सम्बन्धित मन्त्रालयले सिफारिसको कार्यान्वयनको लागि छुट्टै कार्ययोजना बनाएर लागू गर्न जरूरी छ। साथै सरकारका अन्य अवयव पनि यसमा जानकार हुन आवश्यक छ, जसका लागि विभिन्न किसिममा सचेतना तथा तालिमको आवश्यकता पर्न जान्छ। सामाजिक संघ/संस्थाले यसमा पुलको काम गर्न सक्छन्।
- सिड समितिका अधिकांश सिफारिस कानुन बनाउने भन्दा पनि त्यसको कार्यान्वयनसँग सम्बन्धित छन्। तर अधिकांश सांसद (संघ र प्रदेश दुवै) अन्तर्राष्ट्रिय मानवअधिकारसँग सम्बन्धी प्रावधानको प्रक्रियाका बारेमा अनभिज्ञ देखिन्छ। त्यसैले कानुन निर्माण र त्यसको कार्यान्वयनको लागि सरकारलाई जवाफदेही बनाउन पनि सांसदलाई समितिबाट प्राप्त सिफारिसबारे सचेतना आवश्यक छ। संसदको कानुन, न्याय तथा मानवअधिकार समितिसँग नागरिक समाजले निरन्तर अन्तरक्रिया र छलफल गर्नुपर्छ।
- अन्तर प्रदेशस्तरीय संजालहरूको निर्माण गरेर एक अर्काबाट सिक्ने र सूचना आदान प्रदान गर्ने परिपाटीको विकास पनि गर्न सकिन्छ।
- सिफारिसको कार्यान्वयनका लागि तीन तहका सरकारबीच नियमित सूचना आदान प्रदान, समन्वय र सहयोग अपरीहार्य छ।
- अन्तर्राष्ट्रिय संघ/संस्थाहरूले पनि समग्र चक्रमा काम गरेका छैनन्, उनीहरूको

भूमिकालाई पनि बढाउनुपर्छ ।

- सरकारको अभिलेख राख्ने पक्ष एकदम कमजोर छ, कतिपय आफैले गरेका कामबारे पनि सरकार जानकार छैन ।
- सरकारले सिड सम्बन्धि समुदाय स्तरमा जनचेतना जगाउने र सिडले गरेका सिफारीस बमोजिम समुदाय स्तरमा आवश्यक्ता अनुसार योजना बनाई लागु गर्नुपर्दछ ।

## ४.३ . सबै प्रकारका जातिय विभेद उन्मुलन समिति (CERD)

### ४.१.३ सर्डको परिचय

सबै प्रकारका जातिय विभेद विरूद्धको महासन्धी सयुंक्त राष्ट्रसंघको एउटा यस्तो महासन्धी हो जसले विश्वभर नश्ल[१०] /जातका आधारमा हुने विभेदको अन्त्यको वकालत गर्दछ । यसले सबै पक्ष राष्ट्रलाई त्यसता विभेदलाई गैरकानुनी घोषणा गर्न र समाजमा सामन्जस्यता कायम गर्न सकारात्मक पहलकदमी लिन प्रोत्साहन गर्दछ। यो सातवटा सन्धी मध्ये सबै भन्दा पुरानो सन्धी हो। यसलाई सयुंक्त राष्ट्रसंघले सन् १९६५ मा अनुमोदन गरेको हो र १९६९ मा लागू भएको हो। अहिले सम्म १६८ वटा राष्ट्रले यो सन्धीलाई अनुमोदन गरिसकेका छन्। नेपाल यसको पक्ष राष्ट्र हो।

यो सन्धी ६० को दशकमा नश्लका आधारमा भइरहेको विभेद र हिंसालाई सम्बोधन गर्न स्थापना भएको हो। यो सन्धीलाई अनुमोदन गर्ने देशले नश्लका आधारमा हुने सबै प्रकारको विभेदको उन्मुलन गर्ने प्रतिबद्धता गर्छ। पक्ष राष्ट्रले नश्लका आधारमा हुने उचनीचको भावना र व्यवहारलाई पूर्णरूपमा निषेध गर्छ। सर्ड सन्धीको परिचयात्मक अनुच्छेदमा के उल्लेख गरिएको छ भने नश्लीय आधारमा हुने उचनीचताको भावना आफैंमा वैज्ञानिक रूपमा गलत, नैतिक रूपमा निन्दनीय र सामाजिक रूपमा अन्यायपूर्ण र खतरनाक छ।

जात र नश्ल दुई फरक अवधारणा भए पनि जातलाई सम्बोधन गर्ने अर्को कुनै सन्धी

---

[१०] *अनुहारको, उत्पत्तिस्थानको, शरीरको बनोटको आधारमा गरिने विभेदपूर्ण व्यवहार नै नश्लसंग सम्बन्धित छ।*

नभएको र विभेदको प्रकृति मिल्ने भएका कारण नेपालमा अहिले जातीय विभेद र छुवाछूतलाई नश्ल सरह व्यवहार हुँदै आएको छ। सयुंक्त राष्ट्रसंघले अहिले पनि दलित शब्दलाई आधिकारिक रूपमा स्वीकार गरिसकेको छैन। सयुंक्त राष्ट्रसंघले यसलाई "काम र वंशका आधारमा हुने भेदभाव" का रूपमा स्वीकारेको छ।

सबै प्रकारका जातिय विभेद उन्मुलन समिती स्वतन्त्र विज्ञहरूको एउटा यस्तो अंग हो जसले पक्ष राष्ट्रहरूका सबै प्रकारका जातिय विभेद उन्मुलन महासन्धीले इंगित गरेका कुराहरूको मुल्यांकन गर्ने काम गर्छ। यस अन्तर्गत सबै पक्ष राष्ट्रले समितिमा प्रतिबद्धता गरिएका अधिकारको कार्यान्वयन कसरी भइरहेको छ भनेर प्रतिवेदन बुझाउनु पर्छ।

यस समितिका पक्ष राष्ट्रले सन्धी अनुमोदन गरेको पहिलो एक वर्षमा र त्यस पछाडि प्रत्येक दुइ वर्षमा प्रतिवेदन बुझाउनुपर्छ। यसरी बुझाएका प्रतिवेदन उपर समितिले जाँचबुझ गरी पक्ष राष्ट्रलाई सिफारिसका रूपमा समापन अवलोकन (concluding observations) प्रदान गर्ने गर्दछ। नेपालको पछिल्लो समिक्षा समितिको ९५औ सभामा सन् २०१८ मे महिनामा सम्पन्न भएको थियो। यस समिक्षामा दलित सम्बन्धी धेरै चासो व्यक्त भएका छन्।

**४.३.२ प्रक्रिया**

यस समितिमा पक्ष राष्ट्रले सन्धी अनुमोदन गरेको पहिलो वर्षमा सन्धीको कार्यान्वयन कसरी भै रहेको छ र त्यसमा मुलभूत व्यवस्थालाई लागू गर्ने के कस्ता पहल कदमी भएका छन् भनेर हेर्ने गरिन्छ। यो प्रतिवेदन सयुंक्त राष्ट्रसंघको मानवअधिकार सम्बन्धी उच्च आयुक्तको कार्यालय अन्तरगत रहेको सर्डको सचिवालयमा बुझाइन्छ। यो प्रतिवेदन तुलनात्मक रूपमा लामो हुन्छ र तथ्यमा आधारित हुन्छ।

पहिलो प्रतिवेदन बुझाई सकेपछि पक्ष राष्ट्रहरूले प्रत्येक दुईवर्षमा आवधिक प्रतिवेदन बुझाउनुपर्छ। २ वर्षको समय छोटो हुने भएकोले ४ वर्षमा प्रतिवेदन बुझाउने सकिने अभ्यास पनि छ।

पक्ष राष्ट्रले प्रतिवेदन बुझाई सकेपछि सर्ड समितिका १८ सदस्यले पक्ष राष्ट्रका प्रतिनिधिको उपस्थितिमा प्रतिवेदनको समिक्षा गर्छन् र समिति सदस्यले पक्ष राष्ट्रका प्रतिनिधिलाई नीतिगत प्रश्न सोध्ने काम गर्छन्। यी मध्ये एकजना सदस्यलाई कन्ट्री रिपोर्टरको रूपमा छनौट गरिन्छ र उसले त्यो प्रतिवेदनलाई अलि गहिरेर अध्ययन गर्छ र प्रश्न सोध्ने कामको अगुवाई पनि गर्छ। यसो गर्दा अघिल्लो छलफलमा गरिएका आलोचना र सिफारिसमाथि काम भए नभएको पनि हेर्ने गरिन्छ।

प्रतिवेदनमाथि छलफल गरी सकेपछि सर्ड समितिले सबै प्रतिक्रियालाई ग्रहण गर्दछ, जसलाई समापन अवलोकन (concluding observations) भनिन्छ। यसमा सबै भन्दा पहिला सकारात्मक पहलका बारेमा उल्लेख भएको हुन्छ। त्यसपछि महत्वपूर्ण सवाल उठाइन्छ भने त्यसपछि सम्बन्धित राष्ट्रले अपनाउनु पर्ने कार्यका लागि विशिष्ट सुझाब वा सिफारिस उल्लेख गरिन्छ। यसरी तयार भएको अन्तिम प्रतिवेदनलाई प्रश्नका रूपमा सरकारलाई र सर्ड समितिको बार्षिक प्रतिवेदनको रूपमा सयुंक्त राष्ट्रसंघको महासभालाई पठाइन्छ। यसरी तयार पारिएका अन्तिम प्रतिवेदन सार्वजनिक दस्तावेजका रूपमा मानवअधिकार उच्च आयुक्तको वेबसाइटमा राखिन्छन्।

सर्ड समितका निष्कर्ष कानुनीरूपमा बाध्यकारी हुँदैनन्, त्यसैले पक्ष राष्ट्रलाई अनिवार्य लागू गराउन सक्दैनन् भने अर्को तिर लागू नगरेको खण्डमा कारबाही पनि गर्न सक्दैनन्। यसको कार्यान्वयन मूलतः पक्ष राष्ट्रको नैतिकताको विषय हो। यसो भन्दै गर्दा कुनै पनि राष्ट्र अन्तर्राष्ट्रिय मञ्चहरूमा जातिवादी भएको वा त्यसको अन्त्यका लागि केही पनि नगरेको भनेर चिनिन चाहँदैनन्। त्यसैले यसका अधिकांश सिफारिसलाई लागू गरिएको देखिन्छ।

यदि पक्ष राष्ट्रले व्यक्तिगत उजुरी/गुनासो प्रक्रियालाई स्वीकार गरेको छ भने व्यक्ति वा समूहले पनि यस समितिलाई आफ्नो मानवअधिकार हनन् भएको कुराको प्रतिवेदन बुझाउन सक्छन्। सामाजिक संघ/संस्थाले छायाँ प्रतिवेदन बुझाइरहेका छन्।

### ४.३.३ सर्डबाट प्राप्त सिफारिसको विश्लेषण

सन् २०१८ मा सबै किसिमका जातिय भेदभाव उन्मुलन सम्बन्धी महासन्धी (सर्ड) अन्तर्गत नेपालले पेश गरेको प्रतिवेदनको समिक्षा पश्चात सयुंक्त राष्ट्रसंघको सर्ड समितिले निष्कर्ष सहितको प्रतिवेदन (concluding observations) मा दलितसम्बन्धि यी सुझावहरू प्राप्त भएका छन् ।

- अन्तरजातीय बिबाह र जातीय विभेदसंग सम्बन्धित हिंसाको अनुगमन, अनुसन्धान, मुद्दा चलान तथा कारबाही गर र पिडितलाइ संरक्षण र उपचार प्रदान गर ।
- जातमा आधारित उचनीचको सोचको अन्त्य गर्न, सामाजिक बहिस्करणका अभ्यासहरू र अन्तरजातीय हिंसा रोक्न देशै भरि जनचेतना जगाउने र शैक्षिक अभियान संचालन गर ।
- शैक्षिक पाठ्यक्रम र पाठ्यपुस्तकले जातमा आधारित विभेद र छुवाछूतुको बिरोध गर्ने कुराको सुनिश्चितता गर, उनीहरूको संस्कृति र योगदानको सकारात्मक रूपमा उल्लेख गर र कुनै पनि जातिका बिरुद्ध प्रयोग भएको अपमान जन्य भाषा हटाऊ ।
- यस कुराको सुनिश्चित गर्नुहोस कि जात वा जातमा आधारित घृणाले कानुनी वा व्यवहारिक दुवै रूपमा कुनै प्रकारको अपराधलाइ हौसला प्रदान गर्नुहुदैन ।
- समुदाय स्तरमा जातमा आधारित विभेद र घृणालाइ रोक्न देशब्यापी रूपमा नागरिक संबेदनशील बनाउने कार्यक्रम र सम्बादको सुरुवात गर ।
- शिक्षाका सबै तह र शिक्षण पेशामा आदिवासी/जनजाती, दलित र कम प्रतिनिधित्व भएका जात/जाति र विशेषगरी महिलाको पूर्ण समाबेशिताका लागि बनाइएका बिधि/प्रक्रियाहरूलाइ मजबुत बनाऊ । साथै उनीहरूलाइ आवश्यक मानवीय, प्राबिधिक र आर्थिक स्रोतहरू पनि उपलब्ध गराऊ ।
- आदिवासी/जनजाति, दलित लगायत अन्य सिमान्तकृत र जातीय समुहहरूको बाक्लो बस्ति भएको ठाउँमा बिद्यालय लक्षित कार्यक्रमहरूलाई कोष बढाएर कार्यान्वयन गर र उनीहरूको साक्षरता दरलाइ सुधार गर, शिक्षक र बिद्यार्थीद्वारा हुने विभेद बिरुद्ध लड ।
- शिक्षाका सबै राष्ट्रिय निकाय, परिषद र समितिहरूमा सिमान्तकृत समुदाय तथा अन्य जातीय समुहहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर ।
- समिति दलित र अन्य सीमान्तकृत जाति वा जातीय समूहहरूका बिरुद्ध वास्तविक

विभेदको प्रतिनिधित्व गर्ने भूमि वितरणको प्रबृत्तिलाइ हटाउनको लागी विद्यमान कानूनको कार्यान्वयन सहित सबै आवश्यक उपायहरू अबलम्बन गर्न लागी सिफारिश गर्दछ।

- समिति यो सिफारिश गर्दछ कि राज्य सीमान्तकृत जातिहरूको व्यावसायिक गतिशीलता सुनिश्चित गर्नको लागी विभिन्न बिधिहरू जस्तै भर्ना प्रोत्साहन, व्यावसायिक प्रशिक्षण र समुदायमा आधारित जनचेतना र सशक्तिकरण कार्यक्रम आदि लागु गर्नुपर्दछ।
- दलित युवाहरूलाई आय आर्जन गर्ने सीप र तालिम प्रदान गरी उनीहरूको गरिबी घटाउने।
- दलित महिलाको दक्ष सुडेनी, प्रसवपूर्व हेरचाह र पोषणमा पहुँच बढाउनु पर्छ।
- दलित महिलाहरूको राजनीतिक सहभागिताको स्तर बढाउनु पर्छ।

त्यसैको अनुच्छेद ३६ को विभिन्न बुँदामा दलित महिलाविरूद्ध हुने हिंसा रोक्न, दलित महिलाको गुणस्तरीय शिक्षामा पहुँच बढाउन, सिप, रोजगारी, उद्यममा पहुँच बिस्तार गर्न, तालिम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुती सेवा प्राप्त गर्न सक्ने बनाउन सरकारले काम गर्नुपर्ने सुझाब दिएको छ। ती सिफारिस यस प्रकार रहेका छन्ः

- दलित महिलाका विरूद्ध हुने हिंसा अन्त्य गर्न त्यसका विरूद्ध घनिभूत काम गर्ने, सचेतना फैलाउने, उजुरी दिन प्रोत्साहन गर्ने, उजुरीमाथि अनुसन्धान गर्ने, मुद्दा चलाउने र अपराधीलाई सजाय दिने, पीडितलाई संरक्षण र कानुनी उपचार प्रदान गर्नुपर्छ।
- २०३० सम्म बालविवाह अन्त्य गर्ने रणनीतिलाई प्रभावकारी ढंगले संचालन गर्ने, र सोको लागि आवश्यक काम गर्ने, लक्ष्य निर्धारण गर्ने, समयसीमा तोक्ने, बजेट तर्जुमा गर्ने र तथ्यांक संकलनका विधिहरू अपनाउनुपर्छ।
- देशैभरि अनिबार्य निःशुल्क र गुणस्तरीय प्राथमिक शिक्षालाई लागू गर्नुपर्छ।
- प्रभावित समुदायमा बाल विवाहबारे विध्यमान कानुनी व्यवस्थाबारे बालिका र उनीहरूको शिक्षाको महत्वका सवालका साथै आर्थिक स्वतन्त्रताको लागि उनको क्षमता बढाउने सन्दर्भमा आवश्यक जनचेतना जगाउने काम गर्नुपर्छ।

- दलित युवालाई आयआर्जनको सीप र तालिम दिएर उनीको गरिबी घटाउने काम गर्नुपर्छ।
- दलित महिलाको दक्ष सुडेनी, प्रसवपूर्व हेरचाह र पोषणमा पहुँच बढाउनु पर्छ।
- दलित महिलाहरूको राजनीतिक सहभागिताको स्तर बढाउनु पर्छ।

सन् २००४ का सिफारिसमा पनि समितिले कानुन कार्यान्वयन गर्ने निकायले दलित लगायत सिमान्तकृत समुदायमाथि गर्ने नराम्रो व्यवहार र कानुनी संरक्षण दिनमा कन्जुस्याई गर्ने आरोपलाई प्रमुखताका साथ उठाउनुका साथै विभेदकारी विचार र अभ्यासलाई परास्त गर्न निष्पक्ष अनुसन्धानको खाँचो औल्याइएको थियो।

साथै समितिले सिमान्तकृत समुदायका महिला जो धेरै किसिमका विभेद भोगिरहेका महिलाहरूको अवस्था, बाध्यकारी यौन पेशामा संलग्न बादी युवती र महिलाको अवस्थाका बारेमा अर्को नियमित प्रतिवेदनमा उल्लेख गर्न भनेको छ।

### ४.३.४ **कार्यान्वयनको अवस्था**

नेपालले २००४ मा पहिलो पटक यो प्रतिवेदन बुझाएको थियो। त्यसपछि झन्डै १२ वर्षसम्म नेपाले यो प्रतिवेदन नियमित बुझाएको देखिँदैन। यसले सरकारको अकर्मण्यता र लापरबाहीलाई दर्शाउछ। नेपालको पछिल्लो समिक्षा समितिको ९५औं सभामा सन् २०१८ मे महिनामा सम्पन्न भएको थियो। त्यसबाट प्राप्त सिफारिसहरूको कार्यान्वयनको अवस्था यस प्रकार छः

| सर्ड समितिको सिफारिस | सर्डको सिफारिस कार्यान्वयन अवस्था |
|---|---|
| • नेपाल सरकारले दलित महिलाविरूद्ध हुने हिंसा अन्त्य गर्नका लागि घनिभूत काम गर्ने, सचेतना फैलाउने, उजुरी दिन प्रोत्साहन गर्ने, उजुरीमाथि अनुसन्धान गर्ने, मुद्धा चलाउने र अपराधीलाई सजाय दिने, पीडितलाई संरक्षण र कानुनी उपचार प्रदान गर्नुपर्छ। | २०७५ भदौ १ गतेदेखि देवानी तथा फौजदारी प्रकृतिका मुद्दा सम्बोधन गर्न बेग्लाबेग्लै संहिता- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी अपराध संहिता, २०७४ र त्यसलाई कार्यान्वयन गर्न अन्य ऐन/संहिता र सो को नियमावली समेत कार्यान्वयनमा आइसकेको छ। तर यसको कार्यान्वयन पक्ष कमजोर छ। भेदभावविरूद्ध उजुरी गर्ने भन्दा पनि मेलमिलाप (समाज, प्रहरी लगायत सबैमा) मा टुंग्याउने प्रचलन बढी छ। त्यसैले कोरोना कालमा हिंसाका घटनामा न्यायिक समिती र प्रहरीकोमा भन्दा सिधै अदालतमा जाने प्रचलन बढेको छ[११]।<br><br>घटना भइसके पछि उजुरी दिनु पर्छ भन्ने चेतना छैन भने अर्को तिर प्रहरीले जाहेरी लिन नमान्ने प्रवृत्ति व्यापक छ। प्रहरीको भूमिका अधिकांश घटनामा राजनीतिक प्रभावबाट मुक्त हुन सकेको छैन। उदाहरणका लागि रूपा सुनार डेरा प्रकरणलाई लिन सकिन्छ। प्रहरीले ६ घण्टापछि मात्र जाहेरी लिनु र तत्कालीन बहालवाला शिक्षामन्त्री पीडकलाई छुटाउन प्रहरी कार्यालय पुग्नुले पनि दलित महिलासँग सम्बन्धित घटनामा प्रहरी र राजनीतिक दलको भूमिकालाई प्रष्ट गर्छ। जातका आधारमा आफूलाई कोठा दिन अस्वीकार गर्ने घरबेटीविरुद्ध दोलखाकी करुणा विश्वकर्मा र कैलालीकी दिपा नेपालीको मुद्दामा अदालतले सफाई दिएको घटनाले पनि दलित महिलाको न्यायको संघर्ष र लडाई कठिन छन् भन्ने देखाउँछ।<br><br>प्रहरी सेवा सर्त सम्बन्धी ऐनमा पनि जिम्मेबारीमा तलमाथि गर्दा कारबाहीको व्यवस्था छ तर कारबाही भएको छैन। पीडितको गोपनीयताको सम्मान भएको छैन। |
| • नेपाल सरकारले सन् २०३० सम्म बालविवाह अन्त्य गर्ने रणनीतिलाई प्रभावकारी ढंगले संचालन गर्ने र सोको लागि आवश्यक काम गर्ने, लक्ष्य निर्धारण गर्ने, समय सीमा तोक्ने, बजेट तर्जुमा गर्ने र तथ्यांक संकलनका विधि अपनाउनु पर्छ। | नेपालले सन् २०३० सम्ममा बालविवाह पूर्णरूपमा अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। नेपालमा बालविवाहलाई गैरकानुनी घोषणा गरिएको भएपनि त्यसलाई रोक्न राज्यले बिरलै हस्तक्षेप वा कारबाही गर्ने गरेको छ। राष्ट्रिय रणनीति तयार गरिए पनि त्यसको कार्यन्वयनको ठोस अवाधारणा (त्यसमा स्पष्ट रूपमा के के गर्ने, कती बजेट बिनियोजन गर्ने र कहिलेसम्म गरिसक्ने जस्ता समय सीमा) नआएकोले प्रभावकारी कार्यान्वयन हुनसकेको छैन। |

*[११] अधिवक्ता कुन्जनी परियार प्यासीसंग २०७८ भदौ १७ गतेका दिन गण्डकी प्रदेशको पोखरामा गरिएको कुराकानीमा आधारित।*

| | |
|---|---|
| • नेपालले देशैभरि अनिवार्य, निःशुल्क र गुणस्तरीय प्राथमिक शिक्षालाई लागू गर्नुपर्छ। | शैक्षिक सत्र सुरू हुँदा भर्ना अभियान सञ्चालन भएको देखिन्छ, तर ती अभियान पर्याप्त छैन। यस्ता अभियान भर्ना केन्द्रित मात्र होइन, उनीहरूको विद्यालयमा टिकाई राख्न र सिकाई सुनिश्चित दुवै किसिमले हुनुपर्छ। दलित विद्यार्थीलाई दिँदै आएको छात्रवृत्ति रकम एकदमै न्यून छ, समयानुकुल बनाउन जरूरी छ। |
| • प्रभावित समुदायमा बाल विवाहका बारेमा भएको विद्यमान कानुनी निषेधका बारेमा, बालिका र उनीहरूको शिक्षाको महत्वका बारेमा र आर्थिक स्वतन्त्रताको लागि उनीहरूको क्षमता बढाउने सन्दर्भमा आवश्यक जनचेतना जगाउनु पर्छ। | जनचेतना जगाउने कामहरू भए पनि क्षमता अभिवृद्धिका काम खासै भएका छैनन्।<br><br>मुलुकी देवानी संहिता २०७४, मुलुकी अपराध संहिता, २०७४ ले विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन भनी व्यवस्था गरेको छ। नेपालमा बालविवाह एक जटिल र जेलिएको समस्या रहेको छ।<br><br>अधिकांश अन्तरजातीय विवाहमा दलित युवालाई झुटो मुद्दामा फसाउने गरेको पाइएको छ। बिशेष गरि बाल विवाहमा २ वर्ष र अपहरण, बलात्कार र बेचबिखनको मुद्धामा १० देखि १४ वर्षको सजाय हुन्छ। अधिकांश दलित युवाहरूलाई अन्तरजातीय विवाहको मामलामा अपहरण, बलात्कार र बेचबिखन जस्ता शीर्षकमा मुद्दा दर्ता गराईन्छ। उमेर नपुगी गरेको विवाहले कानुनी मान्यता नपाउने भएकोले महिलाहरूको सम्पतिमा अधिकार पनि स्थापित हुन् सक्दैन।<br>उदाहरणका लागि २०७८ असारमा कैलालीमा प्रेम सम्बन्धपछि घरबाट भागेर अन्तरजातीय विवाह गरेका प्रकाश विश्वकर्मा (१९) र मालती रावल (१८) को जोडीलाई ठुलो मानसिक र शारीरिक हिंसा भोग्नु पर्यो। असार २३ गते साँझ घर फर्किएको भोलिपल्ट प्रकाशको घरमै पुगेर २५-३० जनाको समूहले प्रकाशलाइ कुटपिट गर्नुका साथै मालतीलाई जबर्जस्ति फिर्ता लिएका थिए। केटिका परिवारले रुकुम काण्ड दोहोर्याउने जस्ता धम्की दिएका थिए। त्यसपछि उनीहरू छुट्टिएर बस्न बाध्य भए। यस घटनामा संचार माध्यम र दलित संघ/संस्थाको दबाबले गर्दा झुटो मुद्धा लगाउने प्रयास विफल भएको थियो। |
| • दलित युवालाई आय आर्जनको शिप र तालिम दिएर उनीहरूको गरिबी घटाउनु पर्छ। | सरकारले बैंकमार्फत दलित समुदायलाई व्यवसाय मार्फत परम्परागत पेशा/व्यावसायलाई आधुनिकीकरण गर्न सहुलियत दरको ऋणको व्यवस्था गरेको छ। यस अन्तर्गत कम्तिमा एक वर्ष देखि बढीमा ५ वर्ष सम्मका लागि कम्तिमा ५० हजार देखि बढीमा एक करोडसम्म ऋण लिन पाइने व्यवस्था गरेको छ तर व्यवहारिक रूपमा यो ऋण प्राप्त गर्न एकदमै गाह्रो छ। |

| | |
|---|---|
| • दलित महिलाको दक्ष सुडेनी, प्रसवपूर्व हेरचाह र पोषणमा पहुँच बढाउनु पर्छ। | स्वास्थ्यमा पहुँचको कुरा गर्दा पहाडमा ६०.५% र मधेसमा ३६।१% प्रतिशत दलितको मात्र पहुँच छ।<br><br>नेपालले समग्रमा पोषणमा प्रगती गरेको भए पनि दलितको सम्बन्धमा थप काम गर्न आवश्यक छः समग्रमा ३.७% प्रतिशत नेपालीले आफ्नो कमाइको २/३ खानामा खर्च गर्छन्, भने दलितको सवालमा यो मधेसमा १७% र पहाडमा ६.३% छ[१२]। कमाइको ठूलो रकम खानामा जाने भएकोले अन्यमा त्यती खर्च गर्न सक्दैनन्।<br><br>बीएमसी पब्लिक हेल्थमा प्रकाशित एक अध्ययन अनुसार ७६% दलित महिलाले खाद्य असुरक्षाको अनुभव गरेको देखिन्छ। मुस्लिम, ब्राह्मण/क्षेत्री, तराइका आदिवासी तथा पहाडका आदिवासीको तुलनामा दलित महिलाहरु क्रमशः ८२, ८५, ८९ र ९२ प्रतिशतले कमजोर र असुरक्षित छन्। यसले पनि दलित महिलाको पोषणमा पहुँचको अवस्था कति कमजोर छ भन्ने देखाउँछ। |
| • दलित महिलाहरूको राजनीतिक सहभागिताको स्तर बढाउनुपर्छ। | संविधानको धारा ३८ को महिलाको हक अन्तर्गत राज्यका सबै निकायमा महिलालाई समानुपातिक सामवेशी सिद्धान्तका आधारमा सहभागीताको हक हुने छ। स्थानीय तह निर्वाचन ऐन, २०७३ मा भएको बाध्यकारी नीतिगत व्यवस्थाको कारणले दलित महिलाको स्थानीय निकायमा उल्लेख्य प्रतिनिधित्व रहेको छ। तर प्रदेश र संघमा हुन् सकेको छैन। त्यसको कार्यान्वयनका लागि चाहिने आवश्यक कानुनको अभावमा यो व्यवस्था लागू हुन् सकेको छैन। |

### ४.३.५ सुधारका लागि सिफारिस

नेपाल सरकारले सर्ड समितिलाई बुझाएको पछिल्लो प्रतिवेदनमा संवैधानिक र कानुनी व्यवस्थालाई जातिय विभेद उन्मुलनका लागि ठूलो उपलब्धी बताए पनि ती प्रावधानको कार्यान्वयनमा भने मौनता साँधेको देखिन्छ। कानुनी व्यवस्थाका बाबजुद पनि समाजमा विद्यमान सामाजिक तथा सांस्कृतिक अन्धविश्वास र दण्डहीनताका कारणले जातिय विभेद र छुवाछूत अहिले पनि कायम नै छ।

जातिय विभेद तथा छुवाछूत (कसुर र सजाय) ऐन २०६८ लागू भइसकेपछि मात्र पनि ३ दर्जन भन्दा बढी दलितको हत्या भइसकेको छ भने ५० प्रतिशत भन्दा बढी

---

[१२] *Nepal Social Inclusion Survey 2018 by the Central Department of Anthropology (TU).*

पीडक कानुनको दायरामा आएका छैनन्। कोरोनाको समयमा मात्र १२०० भन्दा बढी महिला बलात्कृत भएका छन्। जस मध्ये २६० दलित महिला छन् भने ७ जना दलित महिलाको बलात्कार पछि हत्या गरिएको छ[१३]। सर्ड समितिबाट प्राप्त दलित महिला केन्द्रित सिफारिसहरूको प्रभावकारी कार्यान्वयनका लागि निम्नलिखित सिफारिसहरू गरिएका छन्ः

- दलित विरूद्धका हिंसाका अधिकांश घटनामा प्रत्यक्ष वा परोक्ष रूपमा राजनीतिक दल र कानुन कार्यान्वयन गर्ने निकाय (प्रहरी/सरकारी वकिल, न्यायाधिश) आदिको भूमिका विभेदकारी देखिन्छ। त्यसैले राजनीतिक दलले दलितविरूद्धको हिंसामा शुन्य सहनशीलता अपनाउने र कानुन कार्यान्वयन गर्ने निकायलाई राजनीतक प्रभावबाट मुक्त राख्नुपर्छ। नेपाल प्रहरी भित्र छुट्टै दलित सेलको निर्माण गर्ने। प्रहरीको क्षमता अभिवृद्धि, प्रहरी र समुदाय बीचमा पनि निरन्तर सम्बाद गर्न जरुरी छ। समितिबाट प्राप्त सिफारिसको कार्यान्वयनका लागि नेपाल प्रहरीले आफ्नो छुट्टै कार्ययोजना बनाएर लागू गर्नुपर्छ।
- नेपालको संविधान २०७२ मा दलितका अधिकारलाई मौलिक हकका रूपमा संरक्षण गरिएको छ। त्यसैगरी नेपाल पक्ष राष्ट्र भएका महासन्धी अन्तर्गतको समितिबाट प्राप्त हुने दलित केन्द्रित सिफारिसहरू पनि एकै प्रकृतिका छन्, जसको निरन्तर अनुगमन र मुल्यांकन हुन सकेको छैन। त्यसैले राष्ट्रिय दलित आयोगले दलित तथ्यांक बैंकको स्थापना गरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा प्रतिबद्धता गरिएका कुराहरूको निरन्तर अनुगमन गरी तीनै तहका सरकारलाई जवाफदेही बनाउने काम गर्नुपर्छ। यसका लागि कानुनी प्रावधान/सिफारिस अन्तर्गत गरिने क्रियाकलाप, कार्यान्वयन गर्ने निकाय, अनुगमन गर्ने निकाय, आवश्यक बजेट र प्रतिवेदन जारी गर्ने लगायतका कामहरू गर्नुपर्छ।
- नेपालको इतिहास र सभ्यता निर्माणमा दलित समुदायको भूमिका सबैभन्दा ठूलो छ । तर, विभेदकारी राज्य व्यवस्था र शासन प्रणालीले दलितको ऐतिहासिक योगदानलाई न्यूनीकरण गरी विभेदलाई निरन्तरता दिएको छ। विद्यालयदेखि विश्वविद्यालयसम्म त्यही प्रकारको भाष्य निर्माणलाई निरन्तरता दिएको छ। त्यसैले परम्परागत सत्ता निर्मित ज्ञानलाई भत्काउन र बैकल्पिक ज्ञानको निर्माण गर्न

---

[१३] *नेपाल प्रहरीले प्रकाशित गरेको तथ्यांकमा आधारित।*

पाठ्यक्रममा आमुल परिवर्तन हुन् आवश्यक छ ।

- जस्तै विपन्न दलित परिवारलाई लक्षित गरी एक महिला-एक सीप-एक रोजगारीको लागि बजेट व्यवस्था गरीनु पर्ने ।
- गुणस्तरीय शिक्षामा पहुँच र सबै दलित महिलाको साक्षरताका लागि उच्च शिक्षा सम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको कार्यान्वयन गर्न प्रयाप्त बजेट विनियोजन गर्ने, दलित वालिका भर्ना नहुने वा भर्ना भएर पनि आधारभुत तहबाटै छोड्ने समस्या समाधान गर्न थप प्रोत्साहन छात्रवृत्ति प्रदान गर्ने । प्रत्येक पालिकाबाट कम्तिमा एक जना विपन्न दलित वालिकालाई नर्सिङ्ग लगायतका प्राविधिक शिक्षा अध्ययनका लागि आवासीय खर्च सहित छात्रवृत्तिको व्यवस्था गरीनु पर्ने ।
- दलित महिलाका लागि न्यायमा पहुँच बढाउन दलित महिला वडा सदस्यको संयोजकत्वमा प्रत्येक वडामा कानुनी सहायता, रेफरल तथा सहायता डेस्क स्थापना गर्ने नीतिगत तथा बजेट व्यवस्था गर्ने। कानुनी सहायता र सचेतना सम्वन्धि जानकारी मुलक कार्यक्रम संचालन, जानकारी मूलक पुस्तिका वितरण गर्ने व्यवस्था गर्ने । न्याय खोज्न जाँदा पीडित दलित महिलालाई यातायात, खाना र वासका लागि न्यून आर्थिक सहयता उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने ।
- दलित तथा दलित महिलाको विकास र सशक्तिकरण मापनका लागि खण्डिकृत तथ्याङ्क, प्रभावकारी अनुगमन र जवाफदेहिता प्रणालीको विकास गर्नुपर्ने ।
- भुकम्प, बाढी र कोरोना जस्ता महामारीमा दलित महिलाको लागि सामाजिक सुरक्षा र राहतको विशेष व्यवस्था गरीनु पर्ने ।

# ५

# तुलनात्मक अध्ययन

यूपीआर, सिड र सर्ड समितिका सिफारिसमा एउटा समानता छ - त्यो भनेको अधिकांश सिफारिस कानुनको निर्माणमा भन्दा पनि त्यसको कार्यान्वयनसँग सम्बन्धित छन् । यसले के देखाउँछ भने महिलाको हकअधिकारका सन्दर्भमा नेपालमा नीतिगत रूपमा धेरै कुरा छन्, तर त्यसको कार्यान्वयनमा प्रशस्त समस्या छन् । सन् २०२१ मा सम्पन्न भएको नेपालको तेस्रो यूपीआरबाट दलित महिला केन्द्रित कुल ५ वटा सुझाब प्राप्त भएका छन् । जसमध्ये कानुन निर्माण, प्रजनन अधिकार, न्यायमा पहुँच, शिक्षा र कानुनको कार्यान्वयनसँग एक एक वटा सुझाब केन्द्रित छन् । यसरि प्राप्त सिफारिसहरूको नियमित अनुगमन र मुल्यांकन हुन सकेको छैन । अर्को तिर आधार तथ्यांक र खण्डीकृत तथ्यांकको अभावमा अनुगमन बैज्ञानिक र प्रभावकारी पनि हुन सकेको छैन । त्यसैगरी २०१८ सम्पन्न भएको सर्ड समितिको पछिल्लो समिक्षामा नेपालले दलित महिला केन्द्रित कुल ७ वटा सिफारिस प्राप्त गरेको थियो । ती सिफारिसमध्ये ४ वटा सिफारिस भएका नीतिगत व्यवस्थाको कार्यान्वयन हुनु पर्नेमा आधारित छ भने २ वटा सचेतना जगाउने र एउटा क्षमता अभिवृद्धिसँग सम्बन्धित छन् ।

सिड समितिको छैठौं आवधिक समिक्षाबाट दलित महिला केन्द्रित कुल ७ वटा सिफारिस प्राप्त भएका छन् । जस मध्ये २ वटा कानुन कार्यान्वयन, २ वटा जनचेतना, २ वटा ऐन निर्माण र १ वटा स्वास्थ्य सेवासँग सम्बन्धित छन् । यसबाट के प्रष्ट हुन्छ भने जातका आधारमा हुने छुवाछूत र भेदभाव अथवा दलित महिलाले भोगिरहेका जातिय, वर्गीय र लैंगिक विभेद विरूद्ध नेपालमा कानुनको अभाव छैन । त्यसैले अधिकांश सिफारिस पनि भएका कानुनी व्यवस्थाको कार्यान्वयनसँग सम्बन्धित छन् । अर्को तथ्य के पनि साँचो हो भने यी सिफारिसका बारेमा सरकारका निकाय, समुदाय र अन्य सरोकारवाला प्राय अनभिज्ञ छन्, त्यसैले यसमा व्यापक जनचेतना जगाउन जरूरी छ । संघीय प्रणालीमा प्रदेश र स्थानीय तहको भूमिका पनि हुने भएकोले तिनीहरू पनि यस सवालमा जानकार हुन् आवश्यक छ । संघीयता पछाडि त झन् यसको आवश्यकता अझै बढेर गएको छ । सरकारले आफ्नो अभिलेखलाई चुस्त र दुरूस्त राख्न आवश्यक छ । यसको अभावमा कतिपय सन्दर्भमा सरकारले गरेका काम पनि अभिलेख भएका छैनन्, सरकारले गरेका राम्रा काम पनि देखाउन सकिएको छैन ।

६

# निष्कर्ष

सयुंक्त राष्ट्र संघका मानव अधिकार सम्बन्धि विभिन्न संयन्त्रहरू मध्ये यस अध्ययनमा यूपीआर, सिड र सर्ड समिति अन्तर्गत नेपाल सरकारलाइ प्राप्त सिफारिसहरूलाई दलित महिलाको दृष्टिकोणबाट हेरिएको छ भने ति सिफारिसहरूको कार्यान्वयनको अवस्थालाइ पनि उजागर गर्ने प्रयास गरिएको छ।

युपिआरको तेस्रो चक्रबाट नेपाल सरकारललाई प्राप्त सुझावहरूलाई दलित महिलाको दृष्टिकोणबाट हेर्दा अधिकांश सिफारिसहरू विद्यमान संबैधानिक र कानुनी व्यवस्थाको कार्यान्वयनसँग सम्बन्धित छन्। त्यसैले तिनै तहका सरकारले यसरि प्राप्त सिफारिसको कार्यान्वयनका लागि आफ्ना बार्षिक नीति, कार्यक्रम र बजेट मार्फत सम्बोधन गर्नुपर्छ।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन समितिले दिगो विकास लक्ष्य ५ लाई हासिल गर्न ठूलो योगदान गर्न सक्ने भएकोले सिडका सिफारिसहरूलाइ दिगो विकास लक्ष्य ५ सँग जोडेर हेर्न पनि सकिन्छ। दिगो विकास लक्ष्यको मुलमन्त्र "कसैलाई पनि पछाडी छाडिने छैन" भन्ने हो। नेपालको सन्दर्भमा मानवीय विकास सूचांकका आधारमा भन्ने हो भने राजनीतिक, आर्थिक तथा सामाजिक रूपमा दलित महिला सबै भन्दा पछाडी पारिएका छन्। त्यसैले पनि सिड समितिबाट प्राप्त सिफारिस र दिगो विकास लक्ष्यलाई जोडेर हेर्न जरुरी छ।

सिड समितिले विभेदकारी कानुनी व्यवस्थाको मात्र वकालत गर्दैन, त्यसको कार्यान्वयनमा पनि विभेद हुनुहुँदैन भन्छ। यो तथ्यलाई दिगो विकास लक्ष्य ५ का

विभिन्न सूचकले समेटेको छ। महिलाविरूद्ध हुने सबै प्रकारका विभेदको मापनका लागि सिड समिति एउटा महत्वपूर्ण माध्यम भएकोले दिगो विकास लक्ष्यका सूचक ५.१ (महिला विरूद्ध सबै प्रकारका विभेदहरूको अन्त्य गर), ५.१.१ (विद्यमान कानुनी व्यवस्थाले महिलाको अधिकारलाई प्रवर्द्धन, कार्यान्वयन र अनुगमनमा सहयोग गरेको छ कि असमानता र भेदभावलाई बढावा दिएको छ) को समिक्षाका लागि महत्वपूर्ण भूमिका खेल्न सक्छ।

सर्ड समितिबाट प्राप्त सिफारिसहरूको अध्ययन गर्दा अधिकांश सिफारिसहरू विद्यमान व्यवस्थाहरूको कार्यान्वयन सँग सम्बन्धित छन्, त्यस पछाडी भएका व्यवस्थाका बारेमा सचेतना जगाउने कुरासँग सम्बन्धित छन् । यसले के कुरा प्रष्ट हुन्छ भने कानुन कार्यान्वयन गर्ने निकाय (प्रहरी, सरकारी वकिल र न्यायाधिश आदि) र अन्य सरोकारवाला सबैलाई यसका बारेमा सचेत र सजग गराउन आवश्यक छ। दलित महिलामाथि निरन्तर रूपमा बहुबिभेदहरू भैरहेका छन्, यसको तुरुन्त अन्त्य हुनुपर्छ।

संयन्त्रहरूबाट प्राप्त सिफारिसहरूलाई कार्यान्वयन गर्ने प्रमुख दायित्व नेपाल सरकारको हुन्छ। यसका साथै अन्य सम्बन्धित सरोकारवालाहरू गैरसरकारी संस्थाहरू, राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मानव अधिकार निकायहरू, संयुक्त राष्ट्रसङ्घीय निकायहरू पनि जिम्मेवार मानिन्छ। दलित महिलाका हकहितसँग नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धी र सम्झौता अन्तर्गतका दायित्व कार्यान्वयन भए/नभएको बिषयमा अनुगमन गरि प्रभावकारी पालना गर्ने उपाय सहित नेपाल सरकारलाई सुझाव दिनु राष्ट्रिय दलित आयोगको मुख्य जिम्मेवारी हो। संघीयतामा तिनै तहका सरकारका क्षेत्राधिकारहरू फरक र विशिष्ट छन्। एकले अर्काको कार्यक्षेत्र भित्र हस्तक्षेप गर्न मिल्दैन। संघमा रहेको मन्त्रालयले प्रदेश वा स्थानीय निकायलाई ती सिफारिसहरू लागू गर्न निर्देशन दिन सक्दैनन्। यस्तो स्थितिमा राष्ट्रिय दलित आयोगले आफ्नो भूमिकालाई बढाउनु पर्छ। यसका साथै आयोगले अनुसन्धान मुलक कार्य र तथ्यांक सम्बन्धी कामहरूलाई पनि प्राथमिकताका साथ अगाडि बढाउनुपर्छ।

तिनवटै संयन्त्र र समितिबाट प्राप्त दलित महिला केन्द्रित सिफारिसहरूका सम्बन्धमा सम्बन्धित मन्त्रालय जानकार भए पनि अन्य मन्त्रालय वा निकाय त्यस बारेमा जानकार देखिँदैनन्। त्यस माथि संघीयता पछाडि प्रदेश र स्थानीय सरकार पनि यो सवालमा जानकार छैनन्। त्यसैले सरकारले एउटा यस्तो संयन्त्र निर्माण गर्न आवश्यक छ, जसले प्राप्त सिफारिसको अनुबाद गरी सबै सरोकारवालालाई जानकारी गराउने, त्यसमा पर्याप्त बहस/छलफल गराउने र सम्बन्धित निकायले त्यसको कार्य योजना बनाउने सुनिश्चित होस्। हरेक सरकारले आफ्ना नियमित बार्षिक नीति, कार्यक्रम तथा बजेटबाट यसको सम्बोधन हुने प्रकारले सोच्नुपर्छ।

जसरि महिला आयोगले सिड (CEDAW) का सिफारिसको अपनत्व ग्रहण गऱ्यो, त्यसैगरी राष्ट्रिय दलित आयोगले पनि सर्ड (CERD) मा दलित सम्बन्धी सिफारिसको अपनत्व ग्रहण गरेर त्यसको कार्यान्वयनका लागि कार्य योजना बनाएर काम गर्नुपर्छ। दलित महिलाका सवालमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय महिला आयोगले भूमिका खेल्न सक्छन्।

सामान्यतया सामाजिक संघसंस्थाले सरकार वा त्यसका निकायको आलोचना गर्नु स्वाभाविक छ, तर उनीहरूले पनि आफ्नो भूमिकालाई थप सशक्त र रचनात्मक बनाउन सक्छन्। विभिन्न संयन्त्रबाट प्राप्त सुझाबलाई नेपालीमा अनुवाद गर्ने, त्यसमा सरोकारवालाबीच थप छलफल र बहस गर्ने, अनुसन्धान गर्ने, आधार तथ्यांक निर्माण गर्ने र दलित आयोगलाई प्राविधिक र अन्य सहयोग प्रदान गरेर पनि सामाजिक संघ संस्थाहरूले आयोगलाई प्रभावकारी र नतिजामुखी बनाउन सक्छन्। यसका साथै सामाजिक संघसंस्थाले राष्ट्रिय दलित आयोगलाई अनुगमन तथा मुल्यांकनको ढाँचा बनाएर पनि सहयोग गर्न सक्छन्। अन्त्यमा सरकार र सामाजिक संघसंस्था दुवैले प्रतिवेदन बुझाउने बेला मात्र सक्रिय नभएर ती संयन्त्रहरूको पूर्ण चक्रमा नियमित रूपमा सहभागी भएर सिफारिसलाई प्रयोग गरेको खण्डमा आशातित नतिजा हासिल गर्न सकिन्छ।

**सन्दर्भस्रोतहरू**


संयुक्त राष्ट्रसंघीय महिलाविरूद्ध भेदभाव उन्मूलन गर्ने समिती (CEDAW) समितिबाट नेपालको छैटौं आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन वैशाख २०७८।

मानवअधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्य योजना (आ। व। २०७७/७८ - २०८१/८२), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन आ व २०७६/७७।

वैदेशिक रोजगारमा जाने घरेलु कामदारलाई व्यवस्थित गर्ने सम्बन्धी (तेस्रो संसोधन) निर्देशिका, २०७३

Maximizing the use of the Universal Periodic Review at country level PRACTICAL GUIDANCE, OHCHR https://www.ohchr.org/EN/HRBodies/UPR/Pages/NPIndex.aspx

https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx¿symbolno=CEDAW%2fC%2fSR.1631&Lang=en

https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.x¿symbolno=INT%2fCERD%2fCOC%2fNPL%2f31208&Lang=en

**प्रकाशक**

**दलित महिला संघ (फेडो)**
कुपण्डोल, ललितपुर
फोन नं: +९७७९११०५५४३९८६
फ्याक्सः+९७७९११०५५२०९८२
इमेल: dms.fedo@gmail.com
वेब: http://www.fedonepal.org

FEDO

**सहयोग**

DCA actalliance
Dan Church Aid